ठाटीकाँध गाउँपालिकाका अध्यक्ष श्री धीर बहादुर शाहीद्धारा
ठाटीकाँध गाउँपालिकाको नवौं गाउँ सभामा प्रस्तुत

ठाटीकाँध गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को

# नीति तथा कार्यक्रम

## ठाटीकाँध गाउँपालिका, दैलेख

कर्णाली प्रदेश, नेपाल

१० असार, २०७८

## ठाटीकाँध गाउँपालिकाको नवौं गाउँ सभा समक्ष अध्यक्षद्वारा
## प्रस्तुत नीति तथा कार्यक्रम

**यस ठाटीकाँध गाउँपालिकाको गरिमामय नवौं गाउँ सभाका**
**उपाध्क्ष ज्यू,**
**वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्य तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

यस ठाटीकाँध गाउँपालिकाको गरिमामय नवौं गाउँ सभामा गाउँपालिकाको अध्यक्षको हैसियतले आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा मलाई अत्यन्त खुशी लागेको छ । यस महत्वपूर्ण घडीमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका विभिन्न चरणमा देशका विभिन्न भागबाट शाहदत प्राप्त गुर्न हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्न चाहन्छु । हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को संक्रमण रोकथाम, नियन्त्रण तथा लकडाउन व्यवस्थापनमा आफ्नो जीउ ज्यानको प्रवाह नगरी खटिनु भई यस गाउँपालिकामा संक्रमण फैलिनबाट रोक्न सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधी, स्वास्थ्यकर्मी, कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक तथा राजनैतिक दल लगायत प्रत्यक्ष अप्रत्यक्षरुपमा सहयोग गर्ने विभिन्न संघ संस्था, निकाय तथा व्यक्तित्वहरुप्रति उच्च सम्मानका साथै हार्दिक आभार प्रकट गर्दछु । साथै यस गाउँपालिकामा नयाँ भेरियन्ट सहितको कोरोना भाइरसको संक्रमण रोकथाम, नियन्त्रण एवम् उपचारमा आवश्यक स्वास्थ्य सामाग्री, औषधी उपकरण उपलव्ध गराई सहयोग गर्ने विभिन्न सरकारी गैह्र सरकारी निकाय, संघ-संस्था, कार्यालय एवम्र सम्पूर्ण मनकारी व्यक्तित्वहरु प्रति उच्च सम्मानका साथै हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु । यस महामारीको गाउँपालिकामा संक्रमण रोकथाम तथा नियन्त्रणमा आगामी दिनमा यहाँहरुको निरन्तर अमूल्य सहयोगको अपेक्षा गर्दछु ।

नेपालको सविधान तथा स्थानीय सरकार संचालन ऐन,२०७४ र यस ठाटीकाँध गाउँपालिकाले निर्माण गरेको ऐन तथा कार्यविधि र संघीय तथा प्रदेशले पटक पटक जारी गरेका आदेश एवं परिपत्र र नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धि नीतिगत मार्गदर्शन, २०७५ समेतमा भएको व्यवस्था तथा प्रक्रियालाई अवलम्बन गरी सहभागिता मूलक ढंगले यो नीति तथा कार्यक्रम तयार गरेको छु ।

**सभाका उपाध्क्ष तथा सदस्यज्यूहरु,**

यस गरिमामय सभामा प्रस्तुत नीति तथा कार्यक्रमहरुले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरुबाट प्राप्त मार्गदर्शन, सहस्राब्दी र दिगो विकास लक्ष्य, क्षेत्रगत तथा राष्ट्रिय नीतिहरु एवम योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरु विगत बर्षहरु तथा चालु आ.व. ०७७/०७८ का नीति तथा कार्यक्रम कार्यान्वयन बाट प्राप्त उपलब्धीहरु समेतका आधारमा आगामी आ.व. ०७८/०७९ का लागि यो नीति तथा कार्यक्रम तयार पारिएको छ । यस नीति तथा कार्यक्रमको कार्यान्वन बाट गाउँपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्नका साथै संघ तथा प्रदेशको लक्ष्य समेत हासिल गर्न टेवा पुग्ने विश्वास लिइएको छ ।

राजश्व परिचालनलाई प्रभावकारी बनाउन र करको दायरालाई फराकिलो पार्न एकीकृत सम्पत्ति करलाई प्रमुख आधारका रुपमा लिदै अन्य करहरुलाई वस्तुगत विश्लेषणका आधारमा समेट्दै र परिमार्जन गर्दै जाने, कर प्रशासनलाई सूचना प्रविधिमा आधारित र करदाता मैत्री बनाईदै लगिनेछ र यसका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को संक्रमणका कारण मुलुक अहिले प्रभावित भईरहेको छ । यसको प्रभाव दैलेख जिल्ला लगायत यस गाउँपालिकामा पनि देखा परिसकेकोले त्यसको व्यवस्थापन तथा लामो समय पश्चात स्थानीय तहमा जनप्रतिनिधिहरु निर्वाचित भई आउनु भएको र जनताको स्थानीय सरकार प्रति बढ्दो आकांक्षा, उपलब्धश्रोत र साधनको सिमितताका बाबजुद पनि सम्बन्धित सरोकारवालाहरु सँग विभिन्न चरणमा अन्तरक्रिया गरी उपलब्ध श्रोत र साधनको प्रयोगबाट अधिकतम विकासको प्रतिफल विभिन्न क्षेत्र र वर्गका जनता बीच पुऱ्याउने कोशिस गरिएको छ । यसका साथै चालु आ.व. को जेष्ठ महिनादेखि शुरुवात भएको बर्षाले आगामी आर्थिक बर्षको भदौ सम्म भारी बर्षा भई निकै क्षति हुन सक्ने मौसम पुर्वानुमान महाशाखाको प्राप्त जानकारी तथा बर्षात्को शुरुवातमै भएका क्षतिको प्रकृतिलाई आधार बनाई यस बर्ष प्रतिकार्यका लागि आवश्यक व्यवस्थापन गर्ने प्रयास गरिएको छ । जनआकांक्षा र स्थानीय आवश्यकता बीच तालमेल मिलाई अधिकतम लागत सहभागिता प्राप्त हुने, पिछडिएका जाती, जनजाती, दलित उत्पीडित, महिला, बालबालिका, आदिवासी, आदिका क्षेत्रमा सरकारी, निजी तथा गैर सरकारी क्षेत्रको समन्वयमा चालु आ.व. ०७८/०७९ को विनियोजन गर्ने प्रयास गरिएको छ ।

**सभाअध्यक्ष तथा सभाका सदस्यज्यूहरु,**

अव म यस गाउँपालिकाको हालको विद्यमान सवल पक्ष तथा दुर्वल पक्ष अनुसार र चुनौतीको बारेमा प्रस्तुत गर्न अनुमती चाहन्छु ।

**विद्यमान अवस्थाको समिक्षा**

**सवल पक्षः**

१. जडीवुटी जन्य उद्योगहरुको स्थापना गरी रोजगारी सिर्जना गर्न सकिने ।

२. पर्यटन क्षेत्रको विस्तार र रामघाट ठाटीकाँध हुदै कालिकोट हुम्ला, जुम्ला, मुगु सम्मको ग्रामिण सडक पदमार्ग निर्माण गर्ने सकिने ।

३. जलविद्युत उत्पादन गर्न सकिने ।

४ प्यारागलाईडिङ्ग, वन्जिजम्प जस्ता साहसी कृयाकलापहरु संचालन गर्ने प्रशस्त स्थानहरु रहेकोले पर्यटकलाई भित्राउन सकिने ।

५. कृषि, पशुपालन जस्ता क्षेत्रमा विशिष्टिकृत तथा पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने ।

६. काष्ठकला सम्बन्धि उद्योग संचालन गर्न सकिने ।

७. खनिज पदार्थ उत्खनन र खनिज जन्य उद्योगहरु संचालन गर्न सकिने ।

८. जलविधुत उत्पादनमा प्रचुर संभावना रहेको ।

८. बिजारे, जौचौर, धनकोट, खुडखुडी जस्ता ग्रामिण क्षेत्रमा होम स्टे संचालन गर्ने सम्भावना रहेको ।

९. यस गाउँपालिकाका छ ओटै वडामा वेमौसमी तरकारी उत्पादनको प्रचुर सम्भावना रहेको छ ।

**कमजोर पक्ष :**

१. आर्थिक विकासका लागि पूर्वाधार सडक तथा विजुली वत्तीको पहुच नहुनु ।

२ं व्यवसायीक फलफूल,तरकारी खेती तथा अन्नवालीको अभाव ।

३. आधुनिक कृषि प्रणालीमा आवद्ध हुन नसक्नु ।

४.वेरोजगारी समस्या ले युवाहरुको पलायन हुनु ।

५.वन विनास हुदै जानु ।

६.खेतीयोग्य जमिनमा सिचाईको पहुँच नहुनु ।

७. निर्वाहमूखी, परम्परागत र मौसमी खेतीमा निर्भर हुनु ।

**अवसरहरुः**

शिक्षा, स्वास्थ्य, सुरक्षा, स्वच्छ पिउने पानी, कृषि, पशुपालन, व्यापार व्यवसाय, फलफूल खेती को प्रभावकारी ढंगले व्यवस्थापन गर्न सके  गरीवी निवारण भइ जनताको जीवन स्तरमा सुधार हुने देखिन्छ। यस वाहेक यहाँका अवसरहरु यसप्रकार छन्।

१. जलविद्युत आयोजनाको विकास
२. आर्थिक केन्द्रको विकास
३. कृषि तथा पशु पंक्षी पकेट क्षेत्र र जोनको विकास
४. पर्यटन क्षेत्रको विकास
५. वन, जडीवुटी, खानी जस्ता प्राकृतिक श्रोतसाधनको दिगो उपयोग गरी आर्थिक सम्वृद्धि हासिल गर्न सकिने ।
६. स्वास्थ्य क्षेत्रमा सुधार गरी  नमूना गाउँपालिका वनाउन सकिने

**<u>चुनौतिहरु</u>**

- गाउँपालिकाको संस्थागत, प्राविधिक क्षमता र श्रोत परिचालन गरी क्षमताको विकास गर्न ।
- कर्मचारीको व्यवस्थापन गरी जनताले पाउने सुविधा  सहज रुपमा प्रदान गर्न।
- आयोजनाहरुको कमजोर तयारी, कमजोर व्यवस्थापकीय, वित्तीय  र प्राविधिक क्षमता ।
- कानुनी, नीतिगत र प्रक्रियागत झनझटलाई कम गर्न।
- भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न।
- घरेलु हिँसा, मदिरा सेवन, वालविवाह, छुवाछुत छाउपडी प्रथालाई निमूल गर्न।
- रोजगारी सृर्जना गरी जनशक्तिको विदेश पलायन  रोक्न।
- सरकारका नीति र जनचाहाना विचको तारतम्मे मिलाउन।
- जनताको विकास प्रतिको बढ्दो चाहाना पुरा गर्न।
- आन्तरिक श्रोतको परिचालन गर्न।
- महामारी जन्य रोग नियन्त्रण तथा विपद् व्यवस्थापनमा जनशक्ति तथा पूर्वाधार व्यवस्थापन गर्न।

## २. <u>चालु आ.व ०७७/०७८ को समिक्षा</u>

यस आ.व. ०७७/०७८ को गाउँसभा बाट पारित नीति नियम तथा कार्यक्रम कार्यान्वयनको पक्ष मध्यम रहेको छ। यस आ.व मा महत्वपूर्ण विकास निर्माणका कार्यहरु

संघिय सरकारबाट १५ सैयाको प्राथमिक अस्पताल निर्माणका लागि अस्पतालको सुविधा सम्पन्न भवन निर्माणका लागि टेण्डर आव्हान भई कार्य संचालनको प्रक्रियामा रहेको, डाक्टर क्वाटर भवन निर्माण कार्य अन्तिम चरणमा रहेको, प्रदेश सरकार संगको साझेदारीमा प्राथमिक अस्पताल घेरबारको काम सम्पन्न, प्रदेश सरकार संगको साझेदारीमा प्राथमिक अस्पताल आइसोलेसन भवन निर्माण कार्य संचालनमा रहेको, आधारभुत स्वास्थ्य सेवा केन्द्र प्याडुली, विशाला स्वास्थ्यचौकी, गैरागाउँ आधारभुत स्वास्थ्य सेवा केन्द्र र पाचला आधारभुत स्वास्थ्य सेवा केन्द्रका भवन निर्माण कार्य सम्पन्न भएका छन् भने, तोलीजैसी स्वास्थ्यचौकीको भवन निर्माण कार्य संचालन हुनका साथै माझखर्कमा सामुदायिक स्वास्थ्य इकाई संचालनका लागि भवन निर्माण कार्य अन्तिम चरमा रहेको छ । RVWRMP र ठाटीकाँध गाउँपालिकाको साझेदारीमा बृहत् जडाया खानेपानी आयोजना र किमडीखोला अल्छीवारी खातीगाउँ खानेपानी आयोजना तथा प्रदेश सरकार संगको साझेदारीमा बृहत् माझखर्क खानेपानी आयोजना सम्पन्न हुने चरणमा, अन्य पूर्वाधार विकासमा गाउँपालिका तथा प्रदेश सरकार र संघीय सरकार विचको सहकार्यमा प्रगति मध्यम स्तर रहयो । ठाटीकाँध गाउँपालिकाको एकल प्रयासमा गाउँपालिकाका विभिन्न सडक संजालको विस्तार हुनुका साथै विषयगत शाखामा पर्याप्त कर्मचारी नभएकोले विषयगत क्षेत्रका क्रियाकलापहरु ठाटीकाँध गाउँपालिकाले लगेका सम्पूर्ण उद्देश्य प्राप्ति गर्न नसकेपनि विकास निर्माणको आधार तयार गरेका छन् । राजश्व संकलनले लक्ष्य प्राप्ति गर्न सकेको अवस्था छैन ।

तर स्थानीय तहको निर्वाचन पश्चात जनप्रतिनिधिहरुका उपस्थितिका कारण विगतका जस्तो राजनितिक शून्यता रहेन । निर्णय प्रक्रियाले निरन्तरता पायो । विकास निर्माणमा आम सहभागिता रहयो । कर्मचारीहरुको कार्यवोझमा कमी आयो, यस गाउँपालिकाले क्रमश आफ्नो गतिविधिलाई विस्तार गर्दै लगेको छ । संस्थागत सदृढीकरण गर्दै व्यवस्थापकीय आधार मजबुत बनाउँदै अघि बढेको छ ।

## ठाटीकाँध गाउँपालिकाको आव २०७७।०७८ प्रगति विवरण-जेष्ठ मसान्त सम्म

- आव २०७७।०७८ को अनुमानित कुल बजेट रु ४३ करोड १९ लाख ९१ हजार ४ सय ८०(संघिय सरकार र प्रदेश सरकार बाट प्राप्त राजश्व बाँडफाड, वितिय समानिकरण,समपुरक, विशेष , शसर्त अनुदान र गाँउपालिकाको आन्तरिक स्रोत सिहत)
- **विकास निर्माण तर्फको प्रगति विवरण**

**क. भवन निर्माण तर्फको प्रगति विवरण**

- **कुल बजेट २ करोड ७६ लाख ५५ हजार विनियोजन भइ हाल**

- खुला रुपमा बोलपत्र आवह्वन भई अन्तिम चरणमा रहेका भवन संख्या २(दुई) –स्वास्थ्य तर्फ
- विद्यालय व्यवस्थापन समिति मार्फत संञ्चालनमा रहेका भवन संख्या ५(पाँच)–शिक्षा तर्फ
- उपभोक्ता समिति मार्फत संञ्चालनमा रहेका भवन संख्या २(दुई) –स्वास्थ्य तर्फ
- विद्यालय व्यवस्थापन समिति मार्फत संञ्चालनमा रहेका शौचालय संख्या २(दुई)–शिक्षा तर्फ
- उपभोक्ता समिति मार्फत संञ्चालित योजना संख्या २(दुई) : सामाजिक विकास तर्फ

<u>ख.सडक निर्माण तर्फका योजनाहरुको प्रगति विवरण</u>

- कुल बजेट १ करोड ४२ लाख ४१ हजार विनियोजन
- खुला रुपमा बोलपत्र आवह्वन भई संञ्चालनमा रहेका सडक योजना संख्या १(एक)
- उपभोक्ता समितिमार्फत संञ्चालनमा रहेको योजनाहरु १२ वटा सम्पन्न भएका छन ।
- सम्झौता नभएका सडक योजनाहरु :

<u>ग.खानेपानी निर्माण तर्फ</u>

- कुल बजेट १ करोड ३९ लाख ५९ हजार विनियोजन
- उपभोक्ता समिति मार्फत संञ्चालनमा रही अन्तिम चरणमा रहेका योजनाहरु २६ वटा रहेका छन ।

<u>घ. पुल पुलेसा तर्फ</u>

- कुल बजेट ६० लाख विनियोजन ।
- झोलुगें पुल निर्माण तर्फ २(दुइ) वटा पुलहरुको सम्झौता गरी निर्माणाधिन अवस्थामा रहेका छन ।
- सडक पुल १(एक) वटा सम्झौता नभएको अवस्था छ ।

<u>ङ. सिचाई कुलो तथा पोखरी निर्माण तर्फ</u>

- कुल बजेट २९ लाख २ हजार विनियोजन ।
- उपभोक्ता समितिमार्फत संञ्चालन रहेका सिचाई कुलो तथा पोखरी निर्माण योजना ७ (सात) वटा अन्तिम चरणमा रहेका छन ।

# विषयगत शाखा तर्फको प्रगति विवरण

## <u>राजश्व शाखा तर्फ प्रगति विवरण</u>

**संचालन गरिएका कार्यक्रमहरु**

- **व्यावसाय कर सम्बन्धी कार्यविधि २०७६ तथा आर्थिक ऐन २०७७ लाई लागु गरी ठाटीकाँध गाउँपालिकामा दर्ता नभएका व्यावसाय दर्ता गराउने अभियान संचालन गरिएको ।**

- जसमा साना तथा मझौला गरी ६० भन्दा बढी पसल दर्ता गरिएको र हाल सो कार्य संचालन पनि भइरहेको छ ।
- सफ्टवयर संचालन भएको मिति देखि नै जेष्ठ मसान्त सम्म कुल राजश्व करिव ६ लाख रहेको छ ।
- पालिकाले उठाउने मालपोत, व्यावसाय दर्ता,सिफारिस लगायत विविध शिर्षकमा संकलन राजश्व लाई, अनलाइ प्रणाली मार्फत संचलान गर्न मिति २०७७।०९।१८ देखि सफ्टवयर प्रणाली बाट राजश्व संकलन गर्न सुरु

## उद्योग विकास शाखा प्रगति विवरण

- कुल बजेट ४५ लाख विनियोजन
- गाउँपालिका स्तरिय उद्दयोग विकास समिती गठन
- कार्यक्रमको मोडेल अनुसार १५ वटा लघु उघमी समुह गठन गरी समुहलाई वचत र परिचालन वित्तिय साक्षरताका वारेमा क्षमता विकास तालिम संचालन
- १४८ जनालाई उघमशिलता विकास तालिम सम्पन्न
- १४१ जनालाई विभिन्न किसीमका सोच विकास तालिम तथा २० जनालाई पुन ताजकी तालिम सम्पन्न
- १९१ जनालाई व्यवसाय गर्नलाई उपयुक्त प्रविधी हस्तान्तरण
- ९८ जनाले व्यवसाय शुरु गरेर वाँकीले व्यवसाय सुरुगर्न प्रक्रियामा रहेका
- ५० जनालाई लघु उघम ऋण कर्जा मा पहुँच पुर्याएको
- व्यवसायी र लघु उघम स्थानिय व्यापारी विच वस्तु उत्पादन र वजारीकरणका वारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न।

## कृषि विकास शाखा प्रगती विवरण

- उन्नत तथा हाइविर्ड तरकारी विउँ तथा मिनिकिट १००० जना कृषकलाई वितरण कार्यक्रम सम्पन्न गरिएको ।
- जैविक तथा रसायनिक विषादी सपोर्ट कार्यक्रम सम्पन्न भएको ।
- पोषण तर्फ कृषि शाखा

- सुनौला हजार दिनका आमाहरुलाई उद्दम विकास सहयोग कार्यक्रम सम्पन्न गरिएको ।
- साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट क्षेत्रको कार्यक्रम कार्यान्वयनको अन्तिम चरणमा रहेको ।
- कुल बजेट ३१ लाख ५१ हजार विनियोजन भएको ।

## पशु विकास शाखा प्रगती विवरण

मेडिकल उपचार शिर्षक तर्फ कुल वजेट गाउँपालिका बाट विनियोजित ५ लाख मा

- २०० पशुपन्छिको उपचार कार्य सम्पन्न भएको ।
- संघिय सरकार र गाउँपालिकाको साझेदारीका संचालित भैसि प्रर्वदन साना व्यवसायिक कृषक पकेट विकास कार्यक्रमको सम्झौता भई कार्यान्वयनको चरणमा रहको ।
- संघिय सरकार र गाउँपालिकाको साझेदारीमा संचालित ब्राखा प्रवर्दन कार्यक्रमको सम्झौता भई कार्यान्वयनको चरणमा रहको ।
- दुग्ध चिस्यान केन्द्र सम्झौता भई २ स्थानमा कार्यान्वयनको चरणमा रहको ।
- कुल बजेट १ करोड १० लाख विनियोजन भएको ।

## रोजगार सेवा केन्द्रको प्रगती विवरण

### प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत

- कुल बजेट २ करोड ८२ लाख विनियोजित संचालित कुल योजना २७ वटा
- सवै कार्य सम्पन्न भएको
- ५४७ जनाले १०० दिन वरावरको रोजगार प्राप्त
- सार्वजनिक पुर्वाधार निर्माण तथा पुन निर्माणमा कार्य भएको

### मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत

- कुल वजेट २ करोड ७५ लाख
- १३ वटा योजना
- कार्यान्वयनको चरणमा रहेका
- ८० प्रतिशत कार्य सम्पन्न मिति २०७८ जेष्ठ २८ गते सम्म
- ८५० जनाले ५० दिन वरावरको रोजगारी प्राप्त

- सुचिकृत २५१४ वेरोजगार मध्य प्राथमिकीकरणका आधारमा परेका ८५० र ५४७ वरावर

१३९७ जनाले रोजगारी पाएका

## विपद व्यवस्थापन शाखा प्रगती विवरण

- कोभिड १९ को रोगथाम तथा व्यवस्थापनको लागि १५ वटा नर्मल बेड, ५ वटा अक्सिजन सहितको बेडको व्यवस्थापन तथा २८ वटा अक्सिजन सिलिन्डर र ८ ओटा अक्सिजन कन्स्नटेटर, २ वटा एम्बुलेन्स संचालनमा रहेको १ वटा खरिद प्रक्रियाको अन्तिम चरणमा रहेको ।
- वडा वाट सिफारिस भई आएका विपदका फाइलहरुलाई विपदको अवस्था वजेटको व्यवस्था वमोजिम भुक्तानी कार्य सम्पन्न
- विपद तथा कोभिड १९ सम्वन्धी स्थानियस्तरमा जनचेतनामुलक माइकिङ तथा एफ एम मा चेतनामुलक सुचना प्रशारण
- कोभिड १९ को रोगथाम तथा व्यवस्थापनको लागि कोभिड विशेष जनशक्तिको व्यवस्थापन
- भारत वा तेसो मुलुकबाट आएका मानिसहरुको संख्या ३४३ जना रहेका ।
- १५३ जनाको एन्टिजिन परिक्षण गरी ५७ जना कोरोना पोजेटिभ भई १ जनाको स्वास्थ कार्यालय दैलेखमा रिफर गरी स्वास्थ कार्यालयमा कोभिडका कारण मुत्यृ र बाँकी सवै निको भई सामान्य अवस्थामा ।

## स्वास्थ्य शाखाको प्रगती विवरण

- नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम सम्पन्न भएको ।
- सुत्केरी पोषण कोशेली कार्यक्रम सम्पन्न भएको ।
- सुत्केरी यातायात गर्भवती उत्प्रेरणा र न्यानो झोला वितरण कार्यक्रम सम्पन्न भइसकेको
- सुरक्षीत मातृत्व कार्यक्रम सम्पन्नको चरणमा रहेको ।
- कुल बजेट ९७ लाख ९६ हजार विनियोजन भएको ।

## महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा

- आ व २०७७।०७८ मा महिला वालवालिका अपाङ्ग तथा जेष्ठ नागरिक शाखाले गर्नुपर्ने सचेतनामुलक तथा क्षमता विकासका कार्यक्रम सम्पन्न ।
- कर्णाली प्रदेशको छोरी सुरक्षा कार्यक्रम अन्तर्गत २०७८ जेष्ठ मसान्त सम्म १९१ जनाको छोरी वचत खाता खोलिएका।
- विद्यालयमा वाल क्लव गठन गरी वालवालिकामा वाल अधिकार सम्वन्धि सचेतना कार्यक्रम सम्पन्न ।
- अपाङ्गता सम्वन्धी भेला गोष्ठी तथा सचेतनामुलक कार्यक्रम सम्पन्न ।
- महिला सम्बन्धी दिवशीय कार्यक्रम सम्पन्न ।
- अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण कार्यक्रम सम्पन्न ।
- कुल बजेट २२ लाख विनियोजन भएको ।

## शिक्षा शाखाको प्रगती विवरण

- विद्यालय भौतिक पुर्वाधार सग सम्बन्धित शसर्त अनुदान तर्फ ४ कोठे विद्यालय भवन निर्माण योजना र ध्बकज सुविधा सहितको शौचालय निर्माण कार्यक्रम अन्तिम चरणमा ।
- शसर्त अनुदान अन्तर्गत आइसिटी, विज्ञान प्रयोगशाला र पुस्तकालयको सम्झौता भइ कार्यान्वयनको अन्तिम चरणमा ।
- राष्टपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे भवन निर्माण योजना तथा आइसिटि कार्यक्रमको सम्झौता भई कार्य अघि बढिरहेको ।
- विद्यालयका छात्राहरुका लागी निशुल्क स्यानीटरी प्याड वितरण तथा व्यावस्थापनको कार्य अन्तिम चरणमा रहेको।

- **विद्यालयका शिक्षक तथा कर्मचारीहरुको प्रथम र दौश्रो चौमासिक निकासा भइसकेको र तश्रो चौमासिकको लागी विद्यालय बाट माग फाराम संकलन भइ निकासाको लागी तयारी भइरहेको ।**
- **विद्यालयको लागी मसलन्द, पापु,छात्रवृति र नन स्यालरी र बुक कर्नर अनुदान निकासा भइसकेको ।**
- **विद्यालयको लागी निःशुल्क दिवा खाजा कार्यक्रम २ महिना फागुन र चैत्र को निकासा भइसकेको ।**
- **कोभिड १९ अन्तर्गत विद्यालयमा आवि तह को इन्टरनेट र स्वास्थ्य सामाग्रीको लागी रकम निकासा भइसकेको ।**
- **विद्यालयका स्थगित परिक्षाहरु सम्पन्न भई असार १ बाट भर्ना कार्यक्रम सुरु भइरहेको ।**
- **कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम सम्पन भएको ।**
- **विद्यालयमा शैक्षिक गुणस्तर सुदीढीकरण एवमं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सम्पन्न ।**

## आ.व. २०७८/०७९ का नीति तथा कार्यक्रमहरु

**सभाका उपाध्यक्ष  तथा सभाका सदस्यज्यूहरु,**

**"व्यावसायिक शिक्षा, स्वास्थ्य कृषि र पूर्वाधार ठाटीकाँध गाउँपालिकाको समृद्धिका आधार"** भन्ने नाराका साथ अब म यस ठाटीकाँध गाँउपालिकाको आगामी आ.व.२०७८/२०७९ का नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्दछु ।

**नीति तथा कार्यक्रमका उद्देश्यहरु**

१. यस ठाटीकाँध गाउँपालिकाको बजार एवम् ग्रामिण क्षेत्रबीच अन्तर सम्बन्धित आयोजनाहरु कार्यान्वयन गरी ग्रामिण क्षेत्रका वासिन्दाहरुको बजार क्षेत्र तथा केन्द्र सम्मको पहुँच बढाई आयमूलक रोजगारीका अवस्थाहरु सृर्जना गर्दै गरीवी न्यूनिकरण गरिने छ ।

२. विकासको मूलधारमा आउन नसकेका ग्रामिण वासीहरुमा सचेतना अभिवृद्धि गर्दै सीपमुलक र आयमूलक कार्यक्रम मार्फत जीवन स्तरमा सुधार ल्याइने छ ।

३. जनसहभागिता तथा लागत सहभागिताका आधारमा भौतिक पूर्वाधार निर्माणका योजनाहरुलाई निरन्तरता दिइनेछ ।

४. बिजारे, धनकोट र खुडखुडी लाई ग्रामिण पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न होमस्टे संचालनमा ल्याउन प्रेरित गरिनेछ ।

५. सम्पूर्ण सार्वजनिक जग्गा ताल तलैया, वनजंगल र नदीनाला लगायत सम्पूर्ण सार्वजनिक सम्पतिको संरक्षण गरिनेछ ।

६. ग्रामिण गरिबी उन्मूलनका कार्यक्रम अगाडि बढाइने छ । ७. सामाजिक स्थितिमा सुधार ल्याउन शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई , सौर्यउर्जा, विद्यूतीकरण सुविधाहरुको वृद्धि गरिने छ ।

८. ग्रामिण क्षेत्र भित्र रहेका पिछ्छडिएका जाती, जनजाती एवंम अन्य वर्गका आमा र शिशुको स्वास्थ्यलाई ध्यानमा राखि मातृ शिशु स्याहार कार्यक्रम अर्न्तगत प्रोत्साहान भत्ता उपलब्ध गराइनेछ ।

९. ठाटीकाँध, वाँहाकोट, अंगालडाँडा, अधिकारीचौंर र मटेला वजारलाई व्यापारिक केन्द्रको रुपमा विस्तार गर्दै उक्त क्षेत्रमा मासु पसल, तरकारी पसल, तथा हाटबजारलाई व्यावस्थित गर्न आवश्यक प्रकृया अगाडि बढाइनेछ ।

१०. यसै आ.व. मा सबै वडा कार्यालयहरुका केन्द्र तोकी कार्यालयहरु संचालन गर्ने र भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्न पहल गरिनेछ ।

११.दिगो र निरन्तर विकासलाई ध्यानमा राखि महत्वपूर्ण आयोजनाहरुलाई अगाडी बढाइनेछ । यस्ता आयोजनाहरु निर्माण गर्दा उपभोक्ता समिति र निर्माण कम्पनीबाट काम गर्ने व्यवस्था मिलाइनेछ ।

१२. सामुदायिक विद्यालयहरुको स्तर उन्नति गर्दै शिक्षालाई व्यावसायिक र प्रतिस्पर्धी बनाइनेछ ।

१३. फोहोरमैला व्यवस्थापन र ल्याण्ड फिल्ड साईडको स्थान छनोट र सम्भाव्यता अध्ययनलाई अगाडि बढाइनेछ ।

१४. स्वास्थ्य संस्थाहरुको आवश्यक क्षमता विकासका साथै उपरकणहरुको सुनिश्चितता गरिनेछ ।

१५. कृषि क्षेत्रको विकासको लागि कृषिका पकेट क्षेत्रहरु निर्धारण गरी व्यावसायिक खेतीलाई प्रोत्साहन गरिनेछ ।

१६. एक करोड भन्दा ठुला आयोजनाहरु संचालन गर्दा सम्भाव्यताको अध्ययन गरी वातावरणमा कम क्षति हुने गरी वातावरण मैत्री आयोजनाहरु संचालन गरिनेछ ।

१७. पूर्वाधार निर्माणमा यसै वर्ष देखि भवन निर्माण आचारसंहिता लागु गरी भूकम्प प्रतिरोधी पूर्वाधार निर्माण प्रक्रिया शुरु गरिने छ । सो सम्बन्धमा आवश्यक पर्ने जनशक्तिलाई तालिमको व्यवस्था गरिनेछ ।

.१८ एकीकृत सम्पति करलाई राजश्व संकलनको मुल आधार मानी यसै आ.व. बाट प्रारम्भ गरिनेछ ।

१९. न्यायिक समितिलाई थप प्रभावकारी वनाउने नीति लिइनेछ ।

२०. जेण्डर, छाउपडी, वालविवाह, जातीय विभेद न्युनिकरण सम्बन्धी अभियान संचालन गरिने छ ।

२१. यस गाउँपालिकाको आवधिक योजना तयार गरि चरणवद्ध रुपमा विकासको थालनी गरिने छ ।

२२. ठाटीकाँध गाउँपालिका भित्र रहेको हालसम्मको मालपोत करमा लाग्ने दस्तुरको जरीवाना मिनाह गरि मालपोत कर उठाउने कार्य अगाडि वढाईनेछ ।

२३. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को कारण रोजगारी गुमाएका तथा भारत लगायत अन्य मुलुकबाट फिर्ता भएका कामदार तथा श्रमिक नागरिकहरुको सुरक्षाका लागि कार्यक्रम वनाई लागु गरिनेछ ।

२४. गाउँपालिकाको भवन निर्माण गर्न जग्गा प्राप्तीका लागि पहल गरिनेछ ।

२५.ठाटीकाँध गाउँपालिका वडा नं. ३ र ४ को वडा विभाजन गर्दा भौगोलिक तथा जनसांख्यिकी अवस्थाका कारण अपायक पर्ने भूगोललाई सुविधा उपलव्ध गराउन वडा विभाजनका लागि आवश्यक पहल गरिनेछ ।

२६.स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, तथा कर्मचारीको मनोवल बढाउन कार्य सम्पादनका आधारमा प्रोत्साहन गरिनेछ ।

**उपाध्यक्ष तथा सभाका सदस्यज्यूहरु,**

अब म विभिन्न विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरु यहाँ हरु समक्ष पेश गर्दछु ।

**१.(क)कोरोना भाइरस कोभिड १९ को संक्रमण रोकथाम नियन्त्रण सम्वन्धी नीति :** विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को संक्रमण नियन्त्रण तथा कोभिड १९ बाट प्रभावित नागरिकको सुरक्षाका लागि देहाय वमोजिमको नीति अवलम्वन गरिनेछ ।

- कोभिड १९ को संक्रमण रोकथाम, नियन्त्रण व्यवस्थापनका लागि विषयक्षेत्रगत रुपमा विशेष कार्ययोजना वनाई कर्णाली प्रदेश सरकार तथा नेपाल सरकार लगायत अन्य विकास साझेदारसँगको सहकार्यमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- कोभिड १९ को रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि विषय क्षेत्रगत रुपमा संस्थागत क्षमता विकासका कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्र लकान्द्रमा निर्माणाधीन सुविधा सम्पन्न आइसोलेशन भवनको यथाशिघ्र निर्माण कार्य पुरा गरी संचालन गरिनेछ । सोको व्यवस्थापनका लागि आवश्यक डाक्टर लगायतका जनशक्ति व्यवस्थापनका लागि कर्णाली प्रदेश सरकार तथा नेपाल सरकार सँग समन्वय गरिनेछ ।
- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ बाट प्रभावित श्रमिक तथा कामदार नागरिकहरु तथा वैदेशिक रोजगारी बाट फर्किएका नागरिकको सुरक्षाका लागि आय आर्जनमा आधारित कार्यक्रम बनाई लागु गरिनेछ ।
- विषय क्षेत्रगत रुपमा परिचालन गरिने कार्यक्रहरुलाई विपद जोखिम न्यूनिकरण संग सम्वन्धित वनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- आ.व. २०७८।०७९ मा संचालन गरिने कार्यक्रमहरुलाई कोरोना भाईरस कोभिड १९ को संक्रमण रोकथाम नियन्त्रण संग सम्वद्ध गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।
- खानेपानी तथा सरसफाईमा व्यवहार परिवर्तनका लागि विशेष कार्यक्रम वनाइ कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका तथा अन्य विकास साझेदार निकायद्धारा संचालन गरिने हरेक क्रियाकलापमा विपद् व्यवस्थापन, सरसफाई सम्वन्धि वानी व्यवहार परिवर्तन तथा कोरोना भाईरस कोभिड १९ को संक्रमण व्यवस्थापन सम्वन्धि विषय अनिवार्य सम्वोधन हुने गरी क्रियाकलाप संचालन गर्ने नीति अवलम्वन गरिने छ ।
- यस गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य तथा शैक्षिक संस्थाहरुलाई खानेपानी तथा सरसफाई सुविधायुक्त वनाउने व्यवस्था मिलाईनेछ र सवै सार्वजनिक कार्यालय, शैक्षिक तथा स्वास्थ्य संस्थाहरुमा सुविधा सम्पन्न प्रविधि युक्त कन्ट्याक्टलेस हात धुने स्थान तथा खानेपानी धारा निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखि यसै बर्ष देखि कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- यस गाउँपालिकाको आ.व.२०७८।०७९ को बजेट तथा कार्यक्रममा कोभिड नियन्त्रण तथा व्यवस्थापनलाई विशेष प्राथिमकता दिइनेछ ।

- गाउँपालिका पूर्ण सरसफाई कार्यक्रम र विभिन्न साझेदार निकायको साझेदारीमा सरसफाईमा व्यवहार परिवर्तन सम्वन्धी संचार क्रियाकलाप, सचेतना अभिवृद्धि तथा सरसफाई सम्वन्धी सामाग्री वितरण लगायतका क्रियाकलाप संचालनको व्यवस्था मिलाइनेछ ।

## २. (क) आर्थिक विकासः

### १.कृषिः

यस गाउँपालिकाको समृद्धिको पहिलो आधार भएकाले यस क्षेत्रमा कृषिको महत्व उल्लेखनीय छ । तसर्थ कृषि उत्पादनमा बृद्धि गरी राष्ट्रिय लक्ष्य प्राप्त गर्न निम्न अनुसारका नीतिहरु अवलम्वन गरिएको छ ।

१. अर्गानिक कृषि उत्पादन नीति अवलम्वन गरी कृषि पेशालाई सम्मानित, मर्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गर्न नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार निकाय संगको साझेदारीमा कृषि क्षेत्रको विकासको नीति अवलम्वन गरिनेछ ।

२. तरकारी तथा अन्नबालीको भण्डारण गर्न सबै पक्षको सहभागितामा गाउँपालिका स्तरीय सीत भण्डार तथा गृह निर्माण प्रकृयाका लागि आवश्यक पहल गरिनेछ ।

३. विभिन्न उपभोग्य बस्तुहरुमा आत्मनिर्भर बन्न कृषि उत्पादन पकेटक्षेत्रहरुको निर्धारण गरी कृषि क्षेत्रको विकासका लागि पहल गरिनेछ ।

४. कृषि अनुसन्धान केन्द्रको समन्वयमा कृषिका विविध विषयगत क्षेत्रको अध्ययन गर्ने कार्यलाई थालनी गरिनेछ ।

५. कृषि तथा पशु विमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ।

६. कृषकहरुलाई आवश्यक पर्ने वीउ उत्पादनलाई बढावा दिन मुल विउबाट विउ उत्पादन कार्यक्रममा प्रोत्साहन दिई उन्नत वीउ वितरण र पशुको नस्ल सुधारका लागि अनुदानको व्यवस्था गरिने छ ।

७. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनालाई यसै आ.व. बाट लागु गर्ने व्यवस्था मिलाइनेछ ।

८. उच्च मूल्यका कृषि बस्तु उत्पादन र बजार व्यवस्थापनमा विषेश जोड दिइनेछ ।

९. एक गाउँ एक नमुना कृषि उत्पादन ब्लक तथा कृषि पकेट क्षेत्र निर्धारण गरी कृषि जन्य वस्तुको निर्यात व्यापारलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

१०.गाउँपालिकाको माथिलो भुभागलाई अलैची, किवी आदिको पकेट क्षेत्र, तल्लो भुभागलाई आँप,कागती तथा अन्य सम्भाव्य फलफूल पकेट क्षेत्र र अन्य सम्भावित भूभागलाई तरकारी

पकेट क्षेत्रको रुपमा विकास गर्न नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार निकाय संग सहकार्य गर्ने नीति लिइनेछ । यसको लागि तत्काल सम्भाव्यता अध्ययन गरी लागु गरिनेछ ।

११. पशु नस्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ। पशु आहारका लागि घाँस खेतीको कार्यक्रम संचालन गरिनेछ । पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था गरिनेछ । उत्पादित पशुपंछी जन्य उत्पादनको उचित बजारीकरणको प्रबन्ध मिलाइनेछ । कृषक तथा पशु स्वास्थ्य सेवा प्राविधिकहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१२. गाउँपालिका भित्रका पशुपंक्षी फर्म, मासु पसल, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिनेछ ।

१३. एक गाउँ एक कृषि तथा पशु प्राविधिक कार्यक्रमलाई बढावा दिइनेछ ।

१४. कृषि क्षेत्रलाई पर्यटन आकर्षणको क्षेत्रको रुपमा विकास गर्ने गरि कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१४. कृषि जैविक विविधता संरक्षणका लागि लोपोन्मुख रैथाने जातहरुको विस्तार तथा संरक्षण का लागि विशेष प्रोत्साहन गरिनेछ ।

१५. कृषि उत्पादन बृद्धिका लागि साना सिचाई आयोजनाहरुलाई निर्माण र मर्मतमा विशेष जोड दिइनेछ । यसका लागि साझेदार निकाय तथा संघ संस्थाहरु संग सहकार्य गरिनेछ ।

१६. अर्गानिक तरकारी वाली र फलफूल उत्पादन कार्यक्रम लाई विशेष जोड दिइनेछ ।

१७. निर्वाहमुखी कृषिलाई व्यवसायमुखी तर्फ बढाईनेछ ।

१८. कृषि तथा पशु जन्य उद्यम विकासका माध्यमबाट स्थानिय स्रोत परिचालन गरि स्थानिय स्तरमै बजारको माग सम्वोधन हुने गरी कार्यक्रम बनाई आयात व्यापारलाई निरुत्साहित गर्न आवश्यक पहल गरिनेछ ।

१९.बाहिरबाट आयातित तरकारीहरुमा कर लगाई स्थानिय उत्पादनको मूल्य समायोजन, मूल्य सूची निर्धारण तथा बजारिकरण बृद्धि गरिनेछ ।

२०.किसान द्धारा उत्पादित कृषि तथा पशुजन्य उत्पादनमा हुने क्षति न्यूनिकरणका लागि वाली एवम् पशु विमा कार्यक्रम वनाई यसै वर्ष देखि कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

२१.उत्पादित कृषि वस्तुहरुको बजारीकरणका लागि गाउँपालिकाको छुट्टै संयन्त्र बनाई परिचालन गर्ने व्यवस्था मिलाइनेछ । यसको थप व्यवस्थापनको लागि कृषि बजार व्यवस्थापन सहकारीको निर्माणका लागि प्रोत्साहन गरिनेछ ।

२२.खाद्य सुरक्षा र पोषण स्थितिमा सुधारका लागि बाँझो जग्गा उपयोग, जग्गा तथा गरा सुधार एवम् कृषि क्षेत्र विशेष आय आर्जन मूलक खाद्य तथा पोषण सुरक्षा कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ ।

२३. कृषि तथा पशुपंक्षी उद्योग, फार्म तथा समूह दर्ता प्रक्रियालाई सरल तथा सहज बनाई लागु गरिनेछ र सामुहिक उत्पादनमा विशेष प्रोत्साहन र अनुदानको व्यवस्था मिलाइनेछ ।

२४. साना सिंचाई आयोजनाको विकास तथा विस्तारमा अनुदान व्यवस्था मिलाइनेछ ।

२५. यस गाउँपालिकाका सम्पूर्ण घरधुरीमा अनिवार्य करेसाबारी निर्माणको नीति लिइनेछ । यसका लागि कृषि शाखा, वहु क्षेत्रिय पोषण आयोजना र विकास साझेदार निकायहरुलाई परिचालन गरिनेछ ।

२६. मागमा आधारित कृषि तथा पशु जन्य उत्पादन कार्यक्रम तथा कृषक प्रोत्साहन कार्यक्रम लागु गरिनेछ ।

२७. अनउत्पादक खाली जग्गामा खर्क सुधार कार्यक्रम लागु गरिनेछ ।

२८. रैथाने जातका कृषि तथा पशुपंक्षी को संरक्षण, प्रवर्धन तथा विकास गरिनेछ ।

२९. मागमा आधारित कृषि तथा पशुजन्य उद्यम स्थापनाका लागि अनुदान दिने व्यवस्था मिलाइनेछ ।

३०. कृषि तथा पशु पंक्षी क्षेत्रमा लाग्ने महामारी नियन्त्रणको विशेष प्रतिकार्य कार्यक्रम वनाई लागु गरिनेछ ।

३१. पशुंपक्षीमा लाग्ने महामारी रोग विरुद्ध खोप सेवा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

३२. बाह्य परजीवि नियन्त्रणका लागि एक वडा एक डीपीन ट्याङ्क निर्माण गर्न पहल गरिनेछ ।

३३. छिमेकी आठवीस नगरपालिका संगको साझेदारीमा संभावित क्षेत्रलाई बाख्राजोनको रुपमा विकास गर्न पहल गरिनेछ ।

३४. पशु पंक्षी बन्ध्याकरण सेवा विस्तारका लागि एल.आर.पी. परिचालन,प्रविधि हस्तान्तरण तथा एल.आर.पी.प्रोत्साहन नीति लिइनेछ ।

३५. जैविक मल संरक्षणका लागि आवश्यक कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ र गोठ खोर सुधार तथा भकारो सुधार कार्यक्रममा विशेष अनुदानको नीति लिइनेछ ।

३६. यस गाउँपालिका भित्रका मासु पसल सुधारको कार्यक्रम बनाई कार्यान्वयनका लागि साझेदारी गरिनेछ ।

३७.बाख्रा तथा भैंसीको नश्ल सुधारका लागि अनुदानमा आधारित मुर्रा भैंसी तथा रांघा र बयर बाख्रा तथा वोका विशेष कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसको कार्यान्वयनका

लागि संघ, प्रदेश, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि क्षेत्र विकास कार्यक्रम लगायत विभिन्न निकाय संग साझेदारी गरिनेछ ।

३८. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनासँगको साझेदारीमा भैंसी, बाख्रा र तरकारीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरिनेछ ।

३९. कृषि क्षेत्र विकास कार्यक्रमको साझेदारीमा तरकारी, खसी वोका, मौरी तथा मसला वाली लगायतका मुल्य श्रृङ्खलाको विकास गरिनेछ ।

## रणनीति-:

- गाउँपालिकाका सबै वडाहरुमा प्राविधिकहरुको सँलग्नतामा हिउँदे,वर्षे तथा वार्है महिना उत्पादन हुने खाधान्न तरकारी तथा नगदेवालीको DEMO प्रदर्शनीको कार्यक्रम ल्याईनेछ ।
- यस गाउँपालिकालाई ३ वर्षभित्र खाधान्न तरकारी तथा नगदेवालीमा आत्मनिर्भर वनाईनेछ ।
- सबै वडाहरुमा **जग्गा सुधार,** गरा सुधार **तथा** भकारो सुधार कार्यक्रम ल्याईनेछ ।
- पशुपालन व्यवसायलाई व्यवसायीमुखी बनाईनेछ । दुग्ध उत्पादनगरि गाउँपालिकालाई आत्मनिर्भर वनाईनेछ । दुधालु जर्सी गाई तथा मुर्रा भैसी र बयर बख्राको नश्ल सुधार गरिनेछ ।
- कर्णाली प्रदेश सरकारसँगको साझेदारीमा दुधमा अनुदानको व्यवस्था मिलाइनेछ ।

## २. औद्योगीक नीतिः

यस गाउँपालिकामा परम्परागत कुटीर उद्योग बाहेक कुनै पनि उद्योग धन्दा संचालनमा नरहेको र उद्योग क्षेत्रमा न्यून लगानी रहेकाले प्राप्त श्रोत साधानको समुचित प्रयोग गरी राष्ट्रिय औद्योगीक नीतिलाई टेवा पुग्ने गरी देहायकानीतिहरु अवलम्बन गरिएको छ ।

- साना तथा घरेलु उद्योगहरुलाई विकास एवम् विस्तार गर्न विभिन्न किसिमका व्यावसायिक सिपमूलक तालिमहरुको संचालनमा निरन्तरता दिइनेछ । यसका लागि गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा थप लगानी गरिनेछ ।
- **भाडामा ब**स्न नसक्ने, आफ्नै घरमा व्यवसाय संचालन गर्न कठिनाई भएका उद्यमीहरुका लागि साझा सुविधा केन्द्रको स्थापना गरी व्यवसाय संचालन तथा बजारी प्रवर्धनमा सहयोग गर्ने नीति लिइनेछ ।

- ❖ औद्योगिक क्षेत्रमा लगानीमैत्री वातावरण निर्माण गर्न र लघु, घरेलु तथा साना उद्योग प्रवर्धन गरी रोजगारीको वातावरण सिर्जना गर्न गरिवी निवारणका लागि लघु उद्यमविकास कार्यक्रम संन्चालन निर्देशिका निमार्ण गरी कार्यान्वयन गरिनेछ ।
- ❖ गाउँपालिकामा सिप विकास तर्फका दक्ष प्रशिक्षकको रोस्टर तयार गरि प्रशिक्षक प्रशिक्षण तालिम संन्चालन गरिनेछ ।
- ❖ पालिका स्तरिय कोशेली गृहको स्थापना गरिनेछ ।
- ❖ मझौला तथा ठुला उद्योगहरुको स्थापना गर्न नेपाल सरकारको औद्योगीक नीति अनुरुप विभिन्न कार्य अघि बढाइनेछ । साना तथा मझौला उद्योग ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी लगानीकर्तालाई प्रोत्साहन गरिनेछ ।
- ❖ खानीजन्य उद्योग (निलम, फलाम, तामा) को पहिचान र उत्खनन्का लागि सम्भाव्यता अध्ययन गर्ने नीति अवलम्बन गरिने छ । यस कार्यका लागि प्रदेश सरकार, नेपाल सरकार तथा सम्वद्ध निकाय संग सहयोगका लागि अनुरोध गरिनेछ ।
- ❖ कृषि क्षेत्रमा लगानी प्रवर्द्धन गर्न र कृषि र जडिबुटी जन्य उद्योगहरु संचालन गर्न चाहने उद्योगीहरुलाई ५ बर्ष सम्मको व्यावसायिक कर मिनाहा गर्नुका साथै कृषिजन्य उत्पादनमा निकासी कर लगाइने छैन ।
- ❖ लघुउद्यम विकास तालिम मार्फत उद्यमीहरु सिर्जना गरी उधमशीलतामा आकर्षित गर्ने नीति लिइनेछ ।
- ❖ गाउँपालिका स्तरीय औद्योगिक नीति बनाई उद्योग वाणिज्य क्षेत्रमा निजी सार्वजिनक लगानीमा आकर्षण तथा संरक्षणको व्यवस्था मिलाईने छ ।
- ❖ यस गाउँपालिकामा संभावना रहेका खानीजन्य उत्पादनको संभाव्यता अध्ययन तथा निकासी एवम् प्रशोधन व्यवस्थाका लागि संघिय सरकारसंग सहकार्य गरिनेछ ।
- ❖ लघु,घरेलु तथा नवीनतम् प्रकृतिका उद्यम स्थापनाका लागि अनुदान व्यवस्था मिलाइनेछ ।
- ❖ लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन तथा औद्योगिक विकासका लागि गाउँपालिकामा उद्योग शाखा स्थापनाका लागि पहल गरिनेछ ।
- ❖ विभिन्न सीपमुलक तालिम मार्फत् स्वारोजगारीमा बृद्धि गरिनेछ ।
- ❖ व्यवसायिक लगानी अभाव भएका लघु उद्यमीहरुको लागि सहकरी मार्फत् न्यून व्याजदरमा ऋण परिचालन गर्ने नीति लिइनेछ ।

- ❖ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत कार्यरत उद्यम विकास सहजकर्ताहरुको सेवा करार निरन्तरता दिनुका साथै निजहरुको योग्यताका आधारमा तहगत व्यवस्थापन (चौथो तथा पाचौं तहको सेवा सुविधाको व्यवस्थापन) गरिनेछ ।
- ❖ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई थप प्रभावकारी बनाउन गाउँपालिकाको साझेदारीमा वृद्धि गर्नुका साथै अधिकृत स्तरको कार्यक्रम संयोजक तथा थप जनशत्तिको व्यवस्थापन गरिनेछ ।

## **३. संस्कृति तथा पर्यटन प्रवर्द्धन**

पर्यटकीय क्षेत्रहरुको पहिचान गरी पर्यटकीय पूर्वाधारहरुको निर्माण गर्दै लैजाने नीति लिइएको छ ।

- ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक महत्त्वका सम्पदाहरुको पहिचान , संरक्षण र सम्वर्द्धन गर्ने नीति लिइएको छ ।
- मदान ताल, बुकीमालिका, विजारे, धौलापडा,भिमपाईला पर्यटन सर्किट निमार्णको पहल गरिनेछ ।
- ताल तलैयाको सँरक्षण र सम्बर्धन गरि पर्यटकिय आकर्षण युक्त बनाईनेछ।

**रणनीति**-: यस गाउपालिकाको वार्ड नम्बर ३ मा अबस्थित मदानताल र विजारेको यसै वर्ष DPR तयार गरि आकर्षक पर्यटन गन्तव्यस्थलको रुपमा विकास गरिनेछ ।

- जनजातिहरुको वसोवास रहेको स्थान र विजारेलाई Homestay को रुपमा विकास गरिनेछ ।
- यस गाउँपालिकाको वडा नम्बर २ को जौचैर वडा नम्बर ३ को खुडखुडी र वडा नम्बर ४ को धनकोटको सम्भाव्यता अध्ययन र **DPR** तयार गरिनेछ ।

## ४. **वन तथा वातावरण सम्बन्धी नीति**

१. प्राकृतिक सम्पदाको संरक्षण गर्दै सार्वजनिक जग्गाहरुमा वन विस्तार गरी सम्पूर्ण क्षेत्राधिकार भित्रका सामुदायिक वनहरुको स्वामित्व ग्रहण गरिनेछ ।
२. तालतलैया, पार्क हरियालीलाई विशेष जोड दिइनेछ ।

३. धार्मिक तथा पुरातात्विक स्थानहरुको खोज, पहिचान, संरक्षण तथा प्रचार प्रसारको पहल गरिनेछ ।

४. छाडा पशुपन्छीको नियन्त्रण व्यवस्थापन गरिनेछ ।

५. बजारका मूख्य सडक लगायतका थप सडकको स्तर उन्नती गर्दै, सडक किनारामा अनिवार्य वृक्षारोपणका कार्यलाई ग्राहयता दिइ हरित सडक निर्माणको लागि पहल गरिनेछ ।

६. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न सरोकारवालाहरुको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

७. सामुदायिक वन उपभोक्ता समितिहरुलाई विभिन्न जनचेतना जगाउने जस्ता कार्यक्रमहरुमा संलग्न गराइनेछ।

८. योजना छनोट तथा संचालन गर्दा वातावरण मैत्री बनाउने नीति प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९. एक व्यक्ति एक विरुवा भन्ने नीतिलाई वार्षिक कार्यक्रम सञ्चालनका रुपमा ल्याइनेछ ।

१०. घर लगायतका पूर्वाधार निमार्णमा १ घर २ विरुवा नीतिलाई अवलम्वन गरिनेछ । नक्सा पास प्रक्रियामा समेत त्यसलाई अनिवार्य बनाइनेछ ।

११. प्राकृतिक मुल संरक्षण तथा नदीनालाको संरक्षणमा विशेष ध्यान दिइनेछ ।

१२. राष्ट्रिय र सामुदायिक वन दुबैलाई एकिकृत वन विकासको माध्यमबाट हराभरा र उपयोगी बनाउन पहल गरिने छ ।

१३.जलचर तथा जलिय जैविक विविधताको संरक्षण र सर्म्वधन गर्न आवश्यक कार्यक्रम वनाई सरोकारवाला निकायको साझेदारितामा कार्यान्वयन गर्न पहल गरिनेछ ।

१४. एक जन प्रतिनिधी एक हरियालि नीति अवलम्बन गरिनेछ ।

१५. विकास साझेदार निकायहरुको लगानी साझेदारीतामा एक वडा एक वन नर्सरी निर्माण गर्ने नीति लिइनेछ । रैथाने विरुवाहरुको संरक्षरणमा विषेश जोड दिइनेछ ।

१६.जनसंख्या वृद्धिका कारण बढ्दो वनजंगल फडानीलाई रोक्न तथा उर्जाको मागलाई व्यवस्थापन गर्न गोवर ग्यास उत्पादनका लागि पहल गरिनेछ ।

२१. यस गाउँपालिकाका सबै वडाहरुमा वन सँरक्षण तथा सुदढीकरण गरिनेछ ।

२२. विभिन्न सरकारी तथा सामुदायिक वनबाट निकासी भइरहेको वन जन्य वस्तुहरुको आयको रोयल्टी अनिवार्य गाउँपालिकाको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।

२३. यस क्षेत्रमा पाईने प्राकृतिक खनिज, वनजन्य जडीबुटीको उत्खनन्, प्रशोधन तथा निकासीको लागि आवश्यक नीतिगत सुधार तथा व्यवस्थापन गर्न पहल गरिनेछ ।

२४. जडीबुटी तथा वनजन्य खेती तथा उत्पादान उद्योग संचालनका लागि विशेष प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
२५. पर्यावरण संरक्षणका लागि एक वडा एक हरित सडक निर्माणको कार्यलाई यसै बर्षदेखि कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
२६. साविकमा संचालित वन संरक्षण, सुदृढिकरण तथा दिगो विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
२७. सार्वजनिक तथा सामुदायिक वनमा सामुहिक वनजन्य खेतीका लागि आवश्यक पहल गरिनेछ ।
२८. वनजन्य निकासीलाई व्यवस्थित गरिनेछ ।
२९. एक जनप्रतिनिधी ५ विरुवा तथा एक कर्मचारी ५ विरुवाको नीति लिइनेछ । सोको प्रभावकारी कार्यान्यनका लागि आवश्यक निर्देशिका वनाई लागु गरिनेछ ।

## रणनीति -:

- सबै वडाहरुमा वन सँरक्षण तथा सम्बर्धन गर्न प्रत्येक आ.ब मा बन सँरक्षण तथा सुदृढीकरणकोलागि वजेट सुनिश्चितगरि कार्यक्रम ल्याईनेछ । उक्त कार्यक्रम सँचालन गर्न श्रोत व्यक्ति र हरेक महिनाको ७ दिन काममा लगाउने गरी वृक्षारोपण तथा सँरक्षण र नर्सरीमा काम गर्ने ज्यामीको व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा निर्माण भएका सडकहरुको दायाँ वायाँ ,भिर पाखाहरुमा बास, काप्रो ,दबदवे ,इपिल इपिल, उत्तिसि जस्ता विरुवाहरुको वृक्षारोपण गरिनेछ ।
- घासजन्य विरुवाको वृक्षारोपणकोलागि पशुपालन कृषकहरुलाई प्रोत्साहन गरिनेछ

## ५.सहकारी

- यस गाउँपालिकालाई सहकारीमैत्री गाउँपालिकाको रुपमा विकास गर्न आवश्यक रहेको र गाउँमा छरिएर रहेको पूँजीलाई एकिकृत गरी वेरोजगार महिला तथा युवाहरुलाई रोजगारि सिर्जना गर्दै देशविकासको मुल धारमा ल्याउन आवश्यक रहेकाले देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिएको छ ।
- एक घर एक सहकारी सदस्य नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।

- सहकारी नीति अर्न्तगत सहकारीका रुपमा कृषि, पशुपालन र पशुजन्य सहकारी तथा महिला सहकारी र उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।
- साना बचत तथा आयआर्जन, कुटीर उद्योगहरु, कृषिजन्य उद्योगहरुमा सहकारी क्षेत्रको लगानी बढाइनेछ ।
- यस गाउँपालिका भित्र रहेका सहकारीहरुलाई प्रवर्द्धन गर्न लेखा व्यवस्थापन लगायतका तालिमहरु संचालनमा ल्याइनेछ ।
- सहकारी क्षेत्रको विकासका लागि निरन्तररुपमा सहकारीहरुको अनुगमन तथा नियन्त्रण गरिनेछ ।
- सहकारी क्षेत्रमा खुतुर्के बचत, सानोवचत, वाल बचत, दैनिक बचत, वृद्ध वचत, मौसमी वचत तथा महिलाहरु बाट गरिने विभिन्न घरायसी बचत हरुलाई एकीकृत गरी मुल पूँजीको रुपमा विकास गरी लगानीमा विस्तार गरी आयआर्जनमा टेवा पुग्ने खालका कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- सहकारीलाई प्रवर्द्धन र विकास गर्न यस गाउँपालिकामा छुट्टै शाखा खोली कर्मचारीहरुलाई व्यवस्थापन गरिनेछ ।
- युवामैत्री सहकारी अभियानको खाँचो रहेकाले अधिकांश सहकारी क्षेत्रहरुमा युवाहरुलाई परिचालन गरिनेछ ।
- सहकारी मार्फत जैविक कृषि पर्यटनको प्रवर्द्धन गरिनेछ ।
- सहकारी मार्फत यस गाउँपालिकाले आर्थिक समृद्धि प्राप्त गर्न सक्ने सम्भावना रहेकाले साना सहकारीहरुलाई एकिकृत गर्दै पूँजी विस्तार र परिचालनमा जोड दिइनेछ ।
- नेपाल सरकारले निर्धारण गरेका विभिन्न सहकारी नीति कार्यक्रम तथा आर्थिक सहयोगलाई समुचित रुपमा पालन तथा उपयोग गर्दै लगिनेछ ।
- यस क्षेत्रमा उर्जा समस्या रहेकाले विद्युत सहकारीको माध्यमबाट यसै वर्षबाट विद्युत सहकारी मार्फत विद्युत उत्पादनमा विस्तार तथा वितरण गरिनेछ ।
- गाउँपालिका भित्रका कृषि तथा पशु समूहहरुलाई सहकारीमा रुपान्तरण गर्ने नीति अवलम्वन गरिनेछ ।

## ख) सामाजिक क्षेत्र

### १. शिक्षा

१. गाउँपालिका स्तरिय शिक्षा ऐन तथा कार्यविधी तयार गरी सोही कार्यविधि वमोजिम शैक्षिक सुधारका कार्यक्रमहरु अगाडि बढाइनेछ ।

२.गाउँपालिकामा रहेका वालविकास केन्द्रहरु र सामुदायिक विद्यालयहरुको भौतिक निर्माण व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ ।

३.विद्यार्थी संख्याका आधारमा गाउँपालिका स्तरिय शिक्षण सहयोग अनुदान कोटा सिर्जना गरी स्वयम्सेवक शिक्षक परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. सामुदायिक विद्यालयहरुमा शैक्षिक सामाग्री तथा खेल सामाग्राी उपलब्ध गराउने नीति लिइने छ ।

५. बालमैत्री गाउँपालिका निर्माणको कार्यलाई पूर्णता दिइनेछ ।

६. विद्यालय केन्द्रित सामुदायिक स्वास्थ्यको अवधारणा अनुरुप गाउँपालिकास्तरीय वाल क्लव र विद्यालय स्तरिय वााल क्लवहरुको नाममा सरसफाई कोष स्थापना गरी संचालनमा ल्याइने छ।

७. विद्यालयमा लागुपदार्थ दुर्व्यसनी विरुद्ध अभियान, वाालक्लव क्षमता विकास कार्यक्रम, शिशु स्याहार सम्वन्धि अभिमुखिकरण तथा विद्यालय भर्ना अभियानलाई अगाडि बढाइने छ।

९. पिछडिएको वर्गबाट सर्वोत्कृष्ट अंक ल्याई उत्तिर्ण हुने छात्रछात्रालाई उच्च शिक्षा अन्तर्गत स्वास्थ्य, कृषि, विज्ञान तथा इन्जिनियरिङ्ग विषयमा अध्ययनका लागि एकमुष्ट रुपमा सहयोग उपलब्ध गराउने नीति लिइनेछ ।

११. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात नमिलेका ठाउँमा दरवन्दी मिलान गर्ने कार्यक्रमलाई अगाडी बढाइनेछ । अति न्यून विद्यार्थी रहेका विद्यालयहरुलाई नजिक विद्यालयमा मर्ज गरी शिक्षक दरवन्दी समेत मिलान गरिनेछ ।

१२. नीजि क्षेत्रद्वारा संचालित सबै शिक्षण संस्थाहरुलाई करको दायरामा ल्याइनेछ । न्यूनतम पारिश्रमिक नदिई अध्यापन गराउदै आएको पाईएमा वा विभिन्न बाहानामा शुल्क लिने तर सुविधा नदिने गरेको देखिएमा छानवीन गरी कारवाही समेत गरिनेछ ।

१३. एक वडा एक नमूना विद्यालय कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. सामुदायिक सिकाई केन्द्रको विकासलाई निन्रतरता दिइनेछ ।

१५. सामुदायिक विद्यालयको शिक्षाको गुणस्तरलाई सुधार गर्ने विद्यालय पूर्वाधार सुधार कार्यक्रम लागु गरी कार्यान्वयन गर्न प्रदेश सरकार संग पहल गरिनेछ ।

१६. शिक्षा क्षेत्रको गुणस्तर सुधारका लागि शैक्षिक क्षेत्रमा नवीनतम् प्रविधिको विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

१७. गाउँपालिका भित्रका मा.वि विद्यालयहरुमा नमूना विद्यालय बनाउनको लागि पुर्वाधार तयार गर्ने कार्यक्रम ल्याईने छ ।

१८. आधारभुत शिक्षामा आवश्यक जनशक्ति व्यवस्थापन, भौतिक शैक्षिक एवम् शिक्षण सिकाई प्रक्रियामा सुधार ल्याइनेछ ।

१९.अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षाको सुनिश्चितता गर्न पहुच, सहभागीता, संस्थागत क्षमता र गुणस्तर अभिवृद्धि गर्न पहल गरिनेछ ।

२०. वालविकास देखि माध्यमिक तह सम्मको शिक्षाको गुणस्तरका लागी बजेटको व्यवस्थापन गरिनेछ ।

२१. उत्कृष्ट विद्यार्थी प्रोत्साहन गर्न नीति लिईने छ ।

२२.प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको व्यवस्था गरिनेछ ।

२३. विद्यार्थीको परिक्षामा प्राप्त परिणामको आधारमा शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गरिने छ ।

२४. सबै तह र प्रकारका शिक्षण संस्थामा काम गर्ने शिक्षक प्रधानाध्यापक, कर्मचारी र पदाधिकारीको पेशागत आचार संहिता तयार र अनुगमन नियमन व्यवस्थापन गरिनेछ ।

२५. स्थानीय पाठ्यपुस्तक र पाठ्यसामाग्री निर्माण तथा कार्यान्वयन र शिक्षक क्षमता विकासको नीति अवलम्बन गरिनेछ ।

२६. शिक्षण संस्थाको प्रभावकारी अनुगमन तथा मुल्याङ्कन प्रणालीको विकास गरिनेछ ।

२७. गाउँपालिकामा सूचना प्रविधियुक्त एक सार्वजानिक पुस्तकालयको निर्माण गरिनेछ ।

२८. खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन तथा व्यवस्थापन गरिनेछ ।

२९. कक्षा ४ देखी ९ सम्मको पालिका स्तरिय परिक्षा संचालन तथा व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।

३०. विद्यालयको शैक्षिक भौतिक र मनोवैज्ञानिक व्यवस्थापन कार्यक्रम, पालिका स्तरिय परिक्षा संचालन तथा व्यवस्थापनका लागि प्रश्नपत्र वैंक निर्माण, विज्ञ शिक्षकहरुको रोष्ट्र

निर्माण पाठ्क्रम र विशिष्टिकरण तालिका सम्वन्धि तालिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

३१. परम्परागत स्थानीय प्राकृतिक चिकित्सा योग र आयुर्वेदिक शिक्षाको संरक्षण र प्रबर्द्धनका लागि पहल गरिनेछ ।

३२. वाल प्रतिभाको पहिचान, सिर्जनशिल रचनात्मक र अन्वेषणमुखी कार्यमा प्रोत्साहन कार्यक्रम

३३. विद्यार्थीको प्रतिभा र रचनात्मक कार्यको अन्तर-विद्यालय प्रदर्शनी आयोजना, अवलोकन र प्रोत्साहन गर्न पहल गरिनेछ ।

३४. उत्पादनशील पाठ्क्रम, पाठ्पुस्तक, शिक्षण विधि, शैक्षिक सामाग्री सम्बन्धि अनुसन्धानमुखी कार्यक्रम वनाइनेछ ।

३५. शिक्षाको निरन्तर पेशागत विकास कार्यक्रमहरु, कार्यशाला सेमिनार, अवलोकन भ्रमण, प्रतिबिम्बन, शिक्षक नेटवर्क, सहकार्यत्मक रुपमा गरिने अनुसन्धान, मोनिटरिङ कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

३६. विद्यालय छाड्ने र कक्षा दाहोऱ्याउने दरमा न्यूनीकरण, विद्यार्थी सिकाई उपलब्धिको तुलनात्मक अध्ययन विश्लेषण पद्धतिको विकासका लागि पहल गरिनेछ ।

३७.शैक्षिक संस्थाहरुमा पुस्तकालयको विकास, व्यवस्थापन तथा संचालन मापदण्डको तयार गरिनेछ ।

३८. मातृ भाषाको पहिचान, संचालन, संरक्षण तथा संवर्द्धन, स्थानीय पेशा, व्यवसाय र प्रविधि शिक्षाको खोजी संरक्षण र सम्बर्द्धनका लागि पहल गरिनेछ ।

३९. युवा लक्षित खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

४०. स्थानीय बाजागाजा, कथा, कविता, गित, छैठी, देउडा, चाडपर्व र रीति रिवाज संरक्षण सम्बर्द्धन र स्थानीय पाठ्क्रममा समायोजनमा विशेष जोड दिइनेछ ।

४१. विविध प्रकारका अपागंता भएका व्यक्तिहरुको पहिचान र वर्गीकरण र अपाङ्गमैत्री, समावेशी र विशेष शिक्षाको व्यवस्था र विशेष विद्यालय स्थापनार्थ संघ, प्रदेश तथा विभिन्न साझेदार निकायसंगको सहकार्यमा पहल गरिनेछ ।

४२. भवन कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, वुक कर्नरको व्यवस्थापनमा साझेदारी कायम गरिनेछ ।

४४. ट्यूशन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन व्यवस्थापन गरिनेछ ।

४५. प्राकृतिक विपत्ति, जोखिम तथा महामारीबाट शिक्षा क्षेत्रलाई जोगाउन शैक्षिक क्षेत्रमा हुने विपद् पूर्व तयारी तथा प्रति कार्य योजना निर्माण गरिने छ ।

४६. तथ्याङ्क संकलन, निर्मलीकरण गर्नु पर्ने विद्यालय, दूर शिक्षण सम्भावना, सम्भावित रेड र ग्रीन जोन, सेवा क्षेत्रको नक्साङ्कन, कोरोना भाइरस (कोभिड-१९) को प्रभाव र सुरक्षा कवज व्यवस्थापनको पहल गरिनेछ ।

४७. सामुदायिक अध्ययन केन्द्रलाई निरन्तरता दिइनेछ ।

४८. वालविकास सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी तथा गाउँपालिकाको अनुदान कोटामा कार्यरत शिक्षकहरुको सेवा सुविधामा वृद्धि गरिनेछ ।

४९. भुकम्परहित, प्राकृतिक विपत र जोखिममुक्त विद्यालय भवन तथा संरचना निर्माणको नीति लिइनेछ ।

५०. शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सरोकारवाला निकायहरु बिच समन्वय कायम गरिनेछ ।

## २. स्वास्थ्यः

१.गाउँपालिका लाई पूर्ण खोपयुक्त गाउँपालिका घोषणा तर्फ उन्मुख गराइनेछ ।

३. भविष्यमा आईपर्न सक्ने विविध प्राकृतिक प्रकोप नियन्त्रणका लागि विपद् प्रतिकार्य योजना निर्माण गरि कार्यान्व्यन गरिनेछ । कोभिड १९ नियन्त्रण व्यवस्थापनका लागि आवश्यक कार्यक्रम वनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

४. पोलियो खोप, भिटामिन ए कार्यक्रम, एच.आइ.भि एडस र लागुपदार्थ दुर्व्यसनि नियन्त्रणको लागि स्थानीय संघ सस्थाहरु सँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

६. गाउँ स्वास्थ्य क्लिनिक संचालनका लागि स्वास्थ्य सेवा विभाग र गाउँपालिका विचको साझेदारीलाई निरन्तरता दिइनेछ।

७. गाउँक्षेत्रका महिलाका लागि विशेष मातृ शिशु स्याहार कार्यक्रम ल्याइने छ ।

८. स्वास्थ्यमा सवैको पहुँच पुर्‍याउन विपन्न सबै वस्तीहरुमा एम्वुलेन्स सेवा पुग्ने गरी पूर्वाधार निर्माण समेत गरिनेछ ।

९.कम्तीमा १५ सैयाको प्राथमिक अस्पताल संचालनका लागि भौतिक सुधारका साथै आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।

१०. बहुक्षेत्रिय पोषण योजनाको प्रभावकारी कार्यान्वयनका लागि संघिय सरकारसंगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

११. विभिन्न ठाउँहरुमा घुम्ति सेवा समेत संचालन गरिनेछ र खोप केन्द्रलाई व्यवस्थित बनाइनेछ ।

१२. किशोर किशोरीहरुलाई प्रजनन शिक्षाका कार्यक्रमहरु अगाडि बढाइने छन् ।

१४. सुनौला हजारदिनको कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१५. P.N.C माइक्रो प्लानिङ को कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१६. स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धिको लागि कार्यक्रम ल्याइने छ ।

१७. महिला स्वास्थ्य स्वम्सेविकाहरुलाई प्रोत्सानमुलक कार्यक्रम ल्याइनेछ ।

१८. आधारभुत स्वास्थ्य सेवा केन्द्र पाँचला, प्याडुली र गैरागाउँमा आवश्यक थप जनशक्ति व्यवस्थापन गरिनेछ ।

१९. यस गाउँपालिकाको जौचौर, ज्यामीचौर, नुवावन र गुयालसिममा खोपकेन्द्र स्थापना गरिनेछ ।

२०. यस गाउँपालिकाका सवै स्वास्थ्य संस्थाहरुमा खानेपानी तथा सरसफाई सुविधाको विकास गर्न पहल गरिनेछ ।

२१. वडा नं. ३ को माझखर्कमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरिनेछ र स्वास्थ्य चौकी सूइयाको भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२२. यस गाउँपालिकाको एक जना इच्छुक नागरिकलाई MBBS डाक्टर अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

२३. प्राथमिक अस्पताल लकान्द्रमा डाक्टर लगायतका जनशक्ति व्यवस्थापन तथा आवश्यक  भौतिक संरचनाको विकास गरिनेछ ।

२४. सवै स्वास्थ्य संस्थाहरुलाई आवासिय वनाउन आवश्यक पहल गरिनेछ ।

२५. गाउँपालिका भित्रका कुपोषित वालवालिकाको तथ्याङ्क अध्यावधिक, कुपोषण न्यूनीकरणका कार्यक्रम वनाई सुपोषित गाउँपालिका निर्माण गर्ने नीति लिइनेछ ।

## ३. खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन

नेपालको संविधानमा समेत खानेपानीलाई जनताको मौलिक हकको रुपमा स्थापित गरिसकेको छ । प्रचुर सम्भावनाका वावजुध पनि यस गाउँपालिकामा अधिकांश जनता शुद्ध खानेपानीको पहुँचबाट वन्चित रहेका छन् तसर्थ जनताको घरदैलोमा खानेपानीको पहुँच पुरयाई जनसेवा गर्ने अभियानलाई सफलता दिन निम्न नीति हरु अवलम्बन गरिएको छ ।

- पानीका मूल मुहान र श्रोतलाई संरक्षण गर्ने नीति लिइनेछ ।
- स्वच्छ पिउने पानी व्यवस्थापनको लागि मुहान देखी मुख सम्म सरसफाई कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ ।
- विभिन्न सामाजिक संस्थाहरु सँग सहकार्य गरी विभिन आयोजनाहरु संचालनमा ल्याइनेछ ।
- पुराना आयोजनाहरुको मर्मत सम्भार लाई विशेष जोड दिइनेछ ।
- साविकमा संचालित पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिँदै यसै मार्फत संचालन गरिनेछ । पूर्ण सरसफाई कार्यक्रम कार्यान्वयनका लागि साविकमा जस्तै एक जना अधिकृत छैठौं तहको कार्यक्रम संयोजक र फोहोर संकलन तथा व्यवस्थापन गर्ने बढीमा २० जना ज्यामी व्यवस्थापनलाई निरन्तरता दिईनेछ र आवश्यकताका आधारमा स्वयम्सेवक रुपमा सहजकर्ता परिचालन गर्ने व्यवस्था मिलाइनेछ । कार्यक्रम संयोजकलाई निजामति कर्मचारी सरहको सेवा सुविधा उपलव्ध गराइनेछ ।
- पूर्ण सरसफाई कार्यक्रम अन्तर्गत रहेको कार्यक्रम संयोजक पदलाई गाउँपालिकाको दरबन्दी संरचनामा समायोजन गर्न पहल गरिनेछ ।
- खानेपानीको समस्यालाई समाधान गर्न लिफ्ट प्रविधिबाट खानेपानी योजना संचालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- सरसफाईमा वानी व्यवहार परिवर्तनका लागि यस गाउँपालिको संचार रणनीति SNV नेपाल लगायतका साझेदार निकायको समन्वयमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।
- वातावरण प्रदुषण गर्ने ठुला उद्योगहरुलाई प्रदुषण करको दायरामा ल्याई कुटिर उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।

- गाउँपालिकाले गर्दै आएको सरसफाई काम सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप संचालन गर्ने नीति लिइनेछ ।
- पूर्ण सरसफाई (पोष्ट ओ.डि.एफ.) कार्यक्रम संचालनमा ल्याइनेछ ।
- फोहोरमैला व्यवस्थापन, दिसाजन्य लेदो पदार्थ व्यवस्थापन, पशुजन्य फोहोरमैला व्यावस्थापन, ल्याण्ड फिल्ड साईड निर्माण जस्ता कार्यलाई, संघ संस्था, व्यक्ति वा कार्यालय समेतको साझेदारीमा अगाडि बढाइनेछ।
- घरधुरी तहमा फोहोर वर्गीकरण तथा कम्पोष्ट मल बनाउने तालिमलाई निरन्तरता दिइनेछ ।
- संस्थाजन्य फोहोर जस्ता हानीकारक फोहोरहरुको व्यवस्थापनमा स्थानीय निजी साझेदारहरुसँग सहकार्य गरिनेछ ।
- प्रदुषण गरे प्रदुषकले तिर्नु पर्दछ। (Polluters pay principle)र प्रदुषण हटाउदा पनि फाइदा हुन्छ (Pollution preventers Grain) भन्ने सिद्धान्तलाई फोहोर सँग जोडी स्थानीयकरण गरिनेछ  र सघन सरसफाई पद्धतिलाई अवलम्वन गर्दै कार्यक्रम अगाडि बढाइनेछ ।
- कार्यालय परिसरलाई पूर्ण प्लाष्टिक मुक्त क्षेत्र घोषणा गरी शहरी वातावरणलाई स्वच्छ राख्न २० माइक्रोन भन्दा तलका प्लाष्टिक झोला निषेध गर्ने र अन्य प्लाष्टिक झोलाहरु लाई निरुत्साहित गरिनेछ ।
- वातावरण तथा फोहोरमैला व्यवस्थापन लाई एकीकृत रुपमा विकास गर्ने नीति लिइनेछ।
- सार्वजनिक शौचालयहरु निर्माण र व्यवस्थापन गरिनेछ ।
- प्लाष्टिक रहित गाउँपालिका निर्माण गर्न विशेष कार्यक्रम ल्याइनेछ ।
- ठोस तथा पुन प्रयोग गर्न सकिने फोहोर सम्वन्धी उद्योगको विकासका लागि आवश्यक पहल गरिने छ ।
- बजार क्षेत्रको फोहोर व्यवस्थापन गर्न सरसफाई कर लगाइनेछ ।

## ५. खेलकुद तथा मनोरन्जन

यस गाउँपालिका भित्र खेलकुद क्षेत्रको विकास गर्न आवश्यक रहेकाले **"हाम्रो अनुदान स्वस्थ जीवनको सान"** भन्ने उक्तिलाई चरितार्थ गर्दै समग्र खेलकुद क्षेत्रको

विकास गर्न आवश्यक भएकाले नेपाल सरकारको राष्ट्रिय खेलकुद विकास नीतिलाई टेवा पुगोस भन्ने उद्देश्यले निम्न नीतिहरु अवलम्वन गरिएको छ।

- स्वस्थ शारीरिक विकासका लागि खेलकुदलाई एउटा सवल माध्यम वनाई निरन्तर विकासमा जोड दिइनेछ ।
- विभिन्न किसिमका खेलकुद सँग सम्बन्धित कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- सबै तहका विद्यालयहरुमा खेलकुद विकासलाई विशेष जोड दिइ खेलकुदका कार्यक्रमहरु संचालनमा ल्याउनुका साथै खेलकुदका सामाग्रीहरु उपलब्ध गराइनेछ ।
- यस गाउँपालिकाबाट राष्ट्रिय प्रतिभाहरु उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिशप्रर्धी बनाउन र खेलाडीलाई प्रोत्साहान गर्न विशेष सुविधाहरु उपलब्ध गराइनेछ ।
- कवर्ड हल निर्माण र ठुला खेलमैदान निर्माण लाई विशेष जोड दिइनेछ ।
- खेलकुद सँग सम्बन्धित क्लब तथा सस्थाहरुलाई सुदृढ गरिनेछ ।
- स्थानीय यूवा तथा बालक्लवहरु मार्फत खेलकुद सम्बन्धि क्रियाकलाप संचालन गर्ने नीति ल्याइनेछ ।
- ठाटीकाँध गाउँपालिकाको विजारेमा विभिन्न निकाय संगको साझेदारीमा खेलकुद मैदान बनाउनको लागि आवश्यक पहल गरिने छ ।

**६.<u>लैगिंक समानता तथा सामाजिक समावेसीकरण</u>**

१. सामाजिक परिचालन मार्फत समुह तथा समिति गठन र समुदाय परिचालनलाई निरन्तरता दिइनेछ ।

२. टोल विकास संस्था नागरिक सचेतना केन्द्र लगायत समुदायमा आधारित अन्य संस्थाहरुको क्षमता विकासका कार्यक्रमलाई जोड दिइनेछ ।

३. सामाजिक परिचालनद्वारा ग्रामिण गरीवी न्यूनीकरणका लागि जनसहभागितामा आधारित आयआर्जन सम्बन्धि कार्यक्रम संचालनमा ल्याइनेछ ।

४. सामाजिक सुरक्षा अर्न्तगत प्रदान गरिने सामाजिक सुरक्षाको रकम व्यवस्थित र प्रभावकारी वितरणका लागि क्रमश बैंकिङ्ग प्रणाली द्वारा व्यवस्थित गर्दै लगिने छ ।

५. आदिवासी, जनजाती, दलित, महिला, पिछडा वर्ग लगायतका विपन्न वर्गलाई योजना छनौट देखि प्रतिफल वितरण सम्मका चरणहरुमा न्याय संगत तरिकाबाट सहभागी गराउनुका साथै लैगिंक समानताको प्राथमिकतामा राखिनेछ ।

६. अपाङ्गता भएका व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिस लगायतका सेवामा सुविधाहरु नि.शुल्क उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइएकोछ ।

७. महिला सशक्तिकरणका कार्यक्रममा विशेष जोड दिइनेछ ।

८. समाजमा पिछडिएका, विपन्न महिलाहरुको आय आर्जनमा सुधारल्याई जिवनस्तर सुधार गर्न विभिन्न आयमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

९. सामाजिक मूल्य र मान्यतालाई कायम गर्दै सामाजिक मेलमिलाप केन्द्रहरुको स्थापना गरी थप सशक्त र सुदृढ गराईने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था समेत गरिनेछ ।

१०. गाम्रिण क्षेत्रमा विपन्न महिलाहरुको जीवनस्तर सुधार गर्न विशेष सहयोग कार्यक्रम संचालन गरिनेछ ।

११.घरेलु हिंसा विरुद्धको ऐन र राष्ट्रिय कार्ययोजना २०६६ अनुसार लैंगिक हिंसाविरुद्ध ग्रामिण स्तरिय कार्यक्रमहरुमा सहकार्य गरिनेछ ।

१३. गाउँपालिका क्षेत्रमा हुने घरेलु हिंसा तथा लैंगिक हिंसालाई निरुत्साहित गर्न जोड दिइनेछ ।

१४. विपन्न तथा एकल महिलाहरुको सीप, दक्षता र संस्थागत क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।

१६. गरिवी विरुद्ध महिला अभियान सुरु गरिनेछ ।

२०. जेष्ठ नागरीक सम्बन्धी सम्बन्धी लक्षित कार्यक्रमहरु ल्याईने छ ।

२१. हिंसा पिडित महिलाहरुका लागि तथा जोखिमा परेका वालवालिका लागि आकस्मिक कोषको व्यवस्था तथा पुर्नस्थापना कार्यक्रमका लागि जोड दिईने छ ।

## बहु क्षेत्रिय पोषण योजना :

ठाटीकाँधगाउँपालिका ले बहुक्षेत्रीय पोषण योजना)MSNPकार्यान्वयनको लागि निम्न नीति ( गर्ने छ । अबलम्बन

- यस ठाटीकाँधपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नलाई यस आ.ब.का लागि यस ठाटीकाँध गाउपालिकाले समपुरक कोष )Matching fundछ ।को व्यबस्था गर्ने (
- बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषण मैत्री स्थानीय शासन)NFLGअबलम्बन गर्ने ( पोषण मैत्री वार्ड घोषणाका लागि बिशेष अभियान सन्चालन गर्ने छ । यस्का लागि एक वडा, एक पोषण मैत्री नमुना गाउँको अभियान यसै बर्षबाट कार्यान्वयन गरिनेछ । वडाले प्राप्त गर्ने

बजेटबाट समेत बजेट बिनियोजन गरी वार्ड घोषणा अभियानलाई बिशेष प्राथमिकतामा राखि कार्य गरिनेछ ।

- महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस ठाटीकाँध गाउपालिकाले उच्च प्राथमिकतामा राख्ने छ । सोही अनुरुप आको ०७९।२०७८.ब. लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट र यस गाँउपालिकाले छुट्याएको समपुरक रकम समेतलाई बिषयगत तथा क्षेत्र गत बिनियोजन गरी पोषण सुधारको लागि तोकिएको क्रियाकलापमाएकीकृत रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलाहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासनमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिनेछ ।
- यस गाँउपालिकाको पोषण सम्बन्धी सुचना, तथ्यांकहरुको व्यबस्थापनको कमी भएको कुरालाई महशुस गर्दै गाँउपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा गाउँपालिका स्तरीय पोषण पाश्र्व चित्र )Nutrition Profileयसै बर्ष भित्र तयार गरिने ( छ ।
- समाजमा बिद्यमान कुरुती जस्तैः छाउपडी, बाल बिबाह र छुवाछुत जस्ता संस्कार र बिकृती अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गरीने छ ।

**बहुक्षेत्रीय पोषण योजना अन्तगत सन्चालन गर्नुपर्ने थप निति तथा क्रियाकलापहरु**

1. गर्भवति, सुत्केरी र बालबालिकालाई पालिलका,अध्यक्ष,उपाध्यक्षको कोसेली कार्यक्रम पोषण झोला बितरण ।
2. एक घर, एक नमुना करेसाबारी बर्षै भरी ताजा तरकारी
3. गर्भवति सम्मान, भेला र घुम्ती भिडियो एक्सरे सेवा ।
4. सबै गर्भवतिहरुको घर घरमा हरीयो झण्डा र हात हातमा अण्डा ।
5. गर्भवति र सुत्केरीहरुलाई पोषिलो पिठो बितरण
6. सुनौला हजार दिनका आमाहरुसंग आयआर्जन कार्यक्रम ।
7. एक वडा, एक पोषण मैत्री नमुना गाउ कार्यक्रम ।
8. पोषण मैत्री गाउ, टोल र पोषण मैत्री वडा घोषणा कार्यक्रम ।
9. पोषण सहजकर्ता परिचालन ।
10. एक वडा, एक पोषण दुतका लागि किशोरी कार्यक्रम ।

11. कुपोषण पहिचानका लागि समुदाय स्तरमा पोषण लेखाजोखा ।
12. सबै स्वास्थ्य संस्था, वडा कार्यालयहरुमा स्तनपान कक्ष र पोषण प्रर्दशनी कक्ष निमार्ण ।
13. एक गर्भवति, एक फलफूलको बिरुवा बितरण कार्यक्रम ।
14. एक घर, एक जुठेल्नो निमार्ण कार्यक्रम ।
15. सासुबुहारी र श्रीमान श्रीमति अन्तरक्रिया कार्यक्रम ।
**16.** पशुजन्य श्रोत उपभोगका लागि सुनौलो हजार दिनका घरपरिवारलाई अण्डा, कुखुराका चल्ला, कृर्षि खेति सम्बन्धीप्रबिधि र विउबितरण ।

## ७. पूर्वाधार विकास :

१. गाउँ, प्रदेश र केन्द्र सरकारको अन्तरसम्वन्धमा आधारित र अधिकतम लागत सहभागितामा संचालित आयोजनाहरुलाई प्राथमिकता दिइनेछ।

२. विशिष्ट प्रकारको प्रविधिको आवश्यता पर्ने जटिल प्रकृतिका ठुला योजना बाहेकका आयोनाहरु उपभोक्ता मार्फत निर्माण गर्ने नीति लिइनेछ ।

४. यस ठाटीकाँध गाउँपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहितालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धाण गरेको न्युनतम मापदण्ड लाई आधार मानेर व्यवस्थित वस्ति विकासको लागि परिमार्जन गरी लागु गरिनेछ ।

५.विकास निर्माणका कार्यहरुमा गुणस्तर कायम गर्न अनुगमन र निरिक्षण प्रणालिलाई प्रभावकारी बनाइनेछ ।

६. गाउँपालिकाको व्यवस्थित ढल निकासको लागि शहरी विकास तथा भवन निर्माण विभागको सहकार्यमा तयार हुने ढल निकास गुरुयोजना अनुरुप कार्यक्रम बनाई कार्यान्वयन गर्ने नीति लिइने छ ।

७. पुराना भवनमा तला थप गर्ने योजनाका लागि प्राविधिक जोखिमको लेखाजोखा गरी इजाजत प्रक्रिया अघि बढाइनेछ ।

८. भौतिक पूर्वाधार निर्माणको गुणस्तर परीक्षण गर्नका लागि जिल्ला प्राविधिक कार्यालय सँग सहकार्य गरी गाउँक्षेत्र भित्र हुने भौतिक पूर्वाधारहरुको गुणस्तरमा विषेश जोड दिइनेछ।

९. भुकम्प प्रतिरोधक भवन निर्माणको लागि प्रोत्साहन गर्न डकर्मिहरुलाई तालिम दिने नीति लिइनेछ ।

११. सडक मापदण्ड स्वीकृत गरी कार्यक्रम अघि बढाइनेछ।

१२. विकासमा सामाजिक संस्थाहरु सँग मिलेर सहकार्य गरिनेछ।

१३. पानीको मुल संरक्षण गर्दै पानिका मुलका नजिक पोखरी निर्माण गरी पानी संकलन गर्दै सिचाई र खानेपानी सुविधा मिलाइने छ।

१४. वायो इन्जिनियरिङ्गलाई सबै योजनामा लागु गर्न पहल गरिनेछ।

१५. भवन निर्माण मापदण्ड तथा आचासंहिता लाई मन्त्रालयले तोके बमोजिमनै यसै आ.व बाट लागु गरिनेछ।

१६ नक्सा पास र नापिलाई यसै आ.व बाट व्यवस्थित गरिनेछ।

१७. ठेक्का पट्टाबाट निर्माण गरिने निर्माण समाग्रीको खरिद प्रक्रियालई इ.विडिङ्ग प्राणालीमा लगिनेछ।

१८. पूर्वाधार निर्माणमा गुणस्तर कायम गरिनेछ।

## रणनीति-:

- गाउँपालिकाका सडकहरुको स्तरवृद्धिलाई पहिलो प्राथमिकता दिईनेछ।
- सबै वडाहरुमा ग्रामिण विधूतीकरण यसै वर्षदेखि शुरु गरी २ वर्षभित्र केन्द्रीय प्रसारण लाईनले जोडिनेछ।
- विधालयहरुको भवन निर्माण तथा मर्मतगरी सुविधा सम्पन्न गराइनेछ।
- पूर्वाधार निर्माणमा वालमैत्री अपाङ्ग मैत्री प्रविधिको समेत अवलम्बन गरिनेछ।
- यसै वर्ष भवन निर्माण मापदण्ड तयार गरि लागु गरिनेछ।
- यस वर्षलाई पूर्वाधार गुर्णस्तर वर्षको रुपमा मनाईनेछ।

## ८. उर्जा तथा लघु जलबिद्युत:-

देशविकासको मुल आधारको रुपमाा रहेको विद्युत उर्जालाई यस गाउँपालिकामा विस्तार गर्न अतिआवश्यक रहेकाले विद्युत सहकारीको माध्यमबाट यस क्षेत्रको उर्जा विकास गर्न आवश्यक देखिएको छ । उर्जाको विकास विस्तार तथा उपभोगलाई सँग सँगै अघि बढाउनको लागि निम्न नीतिहरु अवलम्वन गरिएको छ।

- लघु जलविद्युत् आयोजना निर्माणका लागि आवश्यक पहल गर्ने नीति लिइनेछ।
- भूतगाड खोला, रामगाड खोला जलविधुत आयोजनाको लागि विस्तृत अध्ययन गरी आयोजना संचालन गर्ने कम्पनिलाई सहज वातावरण निर्माण गरिनेछ।

- संचालनमा भएका  वा जिर्ण भएका पेल्टिक सेटलाई मर्मत गरिनेछ । वैकल्पिक उर्जा स्रोतको पहिचान गरी उर्जा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- विद्युत लाइनको विस्तारका लागि सम्वन्धित निकायसँग समन्वय गर्न आवश्यक पहल गरिनुका साथै विद्युत लाइन विस्तारमा लगानी समेत गरिनेछ ।
- सरकारी, निजी र साझेदारी क्षेत्रलाई उर्जा प्रवर्द्धनका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

## ९. संचार

भरपर्दा संचारको माध्य नभएको यस गाउँपालिकामा संचार माध्यमलाई व्यवस्थित गराउने देहायका नीतिहरु अवलम्बन गरिनेछ ।

- यस गाउँपालिकाका नागरिकलाई सूचनामा सहज रुपमा पहुँच पुऱ्याउन एफ.एम स्थापनाका लागि सम्भाब्यता तथा साझेदारि अध्ययन गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्र landline विस्तारका लागि नेपाल दुरसञ्चार प्राधिकरणसँग सहकार्य र समन्वन्य गरिनेछ ।
- GSM सेवा सहज संचालनका लागि यस वर्ष भित्र टावरको क्षमता वृद्धि गर्न पहल गरिनेछ ।
- कार्यालय तथा वडाहरुलाई संचार सेवा सम्पन्न बनाइनेछ । साथै सवै वडाहरुमा नेटवर्किङ्ग सेवा विस्तार गरी राजश्व प्रणालीलाई विद्युतिय संचार प्रणाली सँग आवद्ध गरिनेछ ।
- आफनै भवन कार्यालय हाता भित्र निशुल्क वाइफाइ सेवा संचालनमा ल्याइनेछ ।
- सबै वडा र स्वास्थ्य केन्द्रहरुमा वाइफाइ सेवा संचालन गरिनेछ ।
- विद्यालयहरुमा समेत इन्टरनेट सेवा संचालन गरी शिक्षा क्षेत्रमा सुधार ल्याइनेछ ।
- स्थानीय स्तरमा छापा तथा अनलाइन पत्रिका संचालनका लागि पहल गरिनेछ ।
- विद्युतीय संचार प्रविधिलाई नीति अनुरुप नियमन/व्यवस्थापन गरिनेछ ।
- सूचना सम्प्रेसणको लागि डिजिटल डिस्पेले बोर्ड जडान गरिने छ ।
- Digital गाउँपालिका को अवधारण ल्याइनेछ ।

## १० आर्थिक प्रशासन, राजश्व तथा कर प्रणाली

१. आन्तरिक आयको वृद्धि तथा दिगो विकासका लागि कर प्रशासनलाई व्यवस्थित बनाइनेछ ।

२. करको दायरा फराकिलो बनाउदै करका दरहरुमा समान्य हेरफेर गरिनेछ। अगामि आ.व. २०७७/०७८ देखि एकीकृत सम्पति कर लागु गरिनेछ।

३.लेखा प्रणालीलाई थप व्यवस्थित गर्न प्रोदभावी लेखा प्रणालीको सुरुवात गर्ने कार्यमा आवश्यक तयारी गरिनेछ।

४. व्यवसायिक कर संकलन ppp को अवधारणा अनुसार अगाडि बढाइनेछ।

५. एकिकृत सम्पति कर भित्र गाउँपालिकाका सबै करदाताहरुलाई समेटनका लागि नीति निर्माण तथा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ।

६. गा.पा. भित्र उच्चतम तथा नियमित कर तिर्ने करदाताहरुलाई सम्मान गर्ने नीतिलाई अघि बढाइनेछ।

७. गाउँपालिका भित्र भिन्न भिन्न व्यवसाय गर्ने सबै प्रकृतिका व्यावसायीहरुलाई गाउँपालिकामा अनिर्वाय व्यवसाय दर्ता प्रणालीलाई कार्यान्वयनमा लाइनेछ।

८. गा.पा. भित्र रहेका नदी नाला तालतलैया को व्यवस्थापन तथा अन्य प्राकृतिक श्रोतको पहिचान गरी आयमुलक आयोजनाको रुपमा लगानी बढाउदै लगिने नीति अवलम्वन गरिनेछ।

११. राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन तथा गाउँपालिका स्तरिय राजश्व परामर्श समितिको सिफारिसको आधारमा आयको प्रक्षेपण र कर शुल्कको दररेट निर्धारण गरी कर संकलन प्रक्रियालाई प्रभाकारी बनाइने छ।

१२.पुंजीगत लगानिलाई आयमूलक आयोजनाहरुमा लक्षित गरिनेछ र दिगो आय दिनेखालका आयमूलक आयोजनाहरुलाई वहुवर्षिय आयोजनाको रुपमा संचालन गरिने नीति लिइनेछ।

१३. आयातित तरकारीमा कर लगाई स्थानिय उत्पादनको मूल्य समायोजन गरिनेछ।

## ११. <u>सुशासन र पारदर्शिता</u>

१. गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सुशासन व्यवस्थापन प्रणालीलाइ अझ बढि प्रभावकारी बनाइने छ।

२. पहिला आउनेलाई पहिला सेवा दिने नीतिलाई पुर्णतया लागु गरी मुस्कान सहितको सेवा प्रदान गरिनेछ।

३. गाउँपालिकाको मासिक आम्दानी तथा खर्च सार्वजनिक सुचना पार्टी तथा छापा संचार माध्यमबाट प्रसारण गरिने नीति लिइनेछ।

४. सार्वजनिक परिक्षण सामाजिक परिक्षण एवंम सार्वजनि सुनुवाइ जस्ता कार्यक्रमलाइ निरन्तरा दिइनेछ।

५. सेवा प्रवाह सम्बन्धि गुनासो व्यवस्थापन गर्दै Public opinion लिने परिपाटिलाइ अझ बढी व्यवस्थित गरिनेछ ।

६. सुचनाको प्रकृति हेरी तत्काल सुचना उपलब्ध गराइने परिपाटिलाई विकास गरिनेछ ।

७.प्रत्येक योजनामा सार्वजनिक सूचनापार्टीको व्यवस्था गरिने र आयोजना संचालनमा अनुगमन समितिको क्रियाशिलता बढाइने छ।

८. शतप्रतिशत आयोजनाहरुको सामाजिक परिक्षण गरिने नीति लिइनेछ ।

९. गाउँपालिकाको समग्र मूल्याङ्कन गर्ने पद्धतिको रुपमा बिकसित भइरहेको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनलाई आत्मासाथ गरी गाउँपालिकाको समग्र काम कारवाहिलाई प्रभावकारी बनाइने छ।

१०. विभिन्न कर तथा दस्तुरहरुलाई कम्प्युटरबाट नै विलिङ्ग गर्ने नीति लिई कम्प्युटर अभिलेख प्रणालीलाई दुरुस्त गरिने छ ।

११. गाउँपालिकाको सेवालाई सेवामुखि र प्रभावकारी बनाउनका लागि टोकन प्रणाली मार्फत सेवा दिने प्रक्रियालाई अवलम्वन गरिनेछ ।

१२. गाउँपालिकाको सम्पूर्ण गतिविधिहरुलाई सि.सि. क्यामरा, अडियो र डिजिटल डिसप्ले मार्फत सार्वजनिक गर्ने परिपाटिको विकास गरिनेछ ।

१३. सुचना सम्प्रेषण गर्ने प्रक्रियालाई द्रुत बनाउनका लागि Group sms प्रणालीको विकास गरी लागु गर्ने नीति लिइनेछ ।

## १२. <u>संगठन तथा जनशक्ति विकासः</u>

१. आगामि आ.व. मा यस गाउँपालिकाको संगठन विकास योजना तयार गरी साविक संगठन विकास योजनाको पुन मूल्याङ्कन गरी सो वमोजिमका शाखा तथा जनशक्तिको व्यवस्थापन गरिनेछ ।

२. कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको व्यवस्थापन सार्वजनिक खरिद ऐन तथा करार सेवा निर्देशिका को आधारका गरिनेछ ।

३. पटक पटक सेवा खरिद गर्दा कार्यबोझ र नियमितता विचार गरी पुराना सेवा करारमा लिई निरन्तरता पाएकाहरुलाई उनीहरुको योग्यता र आचारणको आधारमा निरन्तरता दिने नीति लिइनेछ ।

४. जनशक्तिको दिगो विकास व्यवस्थापन गर्न करार सेवामा लिइएका कर्मचारीहरुलाई उनीहरुको तहअनुसारनको समान तलव र सुविधाको व्यवस्था गरिनेछ ।

५. सेवा करारबाट लिइएका कर्मचारीहरुको हकमा योग्यता दक्षता र गा.पा को आवश्यककताको आधारमा समान सेवा सुविधा उपलब्ध गराइने नीति लिइनेछ ।

६. उपलब्ध जनशक्तिको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीलाई कार्यसम्पादन पुरस्कृत गर्ने परिपाटिको व्यवस्था गरिनेछ ।

७. न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याङ्कनलाई समेत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइनेछ ।

८. ऐन, नियमको परिधिभित्र रहि कार्य सम्पादन मूल्यांकनको आधारमा कार्यरत कर्मचारीको बढुवा, स्तरवृद्धि, प्रोत्साहन पुरस्कृत प्रदान गर्ने जस्ता कार्यलाई निरन्तरता दिइनेछ ।

९. मौजुदा जनशक्तिलाई समयानुकुल सक्षम वनाउन आन्तरिक एवं बाह्य सहयोगका आधारमा तालिम दिने नीतिलाई प्राथमिकता दिइनेछ ।

१०. हालको संगठन र संरचनामा O&M गरी आवश्यक दरवन्दि सृजना गरिने छ ।

**१३. <u>सुरक्षा नीति :</u>**

१. प्रहरी चौकी ठाटीकाँधको स्तर वृद्धि गरी इलाका प्रहरी चौकीमा रुपान्तरण गर्न सम्वद्ध निकायसंग सहकार्य गरिनेछ ।

२. गाउँपालिका क्षेत्र भित्र सुरक्षालाई व्यवस्थित गराउन पहल गरिनेछ ।

३. संघीय सरकार (केन्द्रिय सरकार) प्रदेश सरकार गठन पश्चात तिनै तहको समन्वयमा वन्ने नीति अनुरुप नगर प्रहरी संगठन लाई विस्तार गर्ने नीति लिइनेछ ।

**१४.<u>विविधः</u>** :

१. प्रचलित ऐन नियममा व्यवस्था भए बमोजिम राजश्व बाँडफाँडको लागि सम्वन्धित निकाय संग समन्वय गरी अघि बढ्ने नीति लिइएकोछ ।

२. यस गा.पा. क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने नीतिलाई निरन्तरता दिदै खुलेका नयाँ तथा पुराना सडकहरुको व्यवस्थित अभिलेख तयारी गरी नक्साङ्कन गरिनेछ ।

३. धार्मिक, ऐतिहासिक, साँस्कृतिक महत्वका धरोहरहरुको मर्मत, संरक्षण र विकासमा जोड दिने नीतिलाई निरन्तरता दिइनेछ ।

४. गा.पा. क्षेत्र भित्र रहेका सम्पूर्ण सरोकारवालाहरु सँगको समन्वयमा गा.पा. का कार्यकक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

६. विभिन्न राष्ट्रका गा.पा., न.पा., उ.म. न.पा., मा.न.पा, सँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिनेछ ।

७. दातृ निकायहरुलाई ठाटीकाधँ गाउँपालिकाको विकास निर्माणमा सहभातिको लागि अनुरोध गर्दै स्वास्थ लगानि वातावरण सृजना गरिने छ ।

८. ठाटीकाँध गाउँपालिका भित्र संचालित आयोजनाहरुलाई निरन्तरता दिने, साझेदार सँस्थाहरु सँग अनुरोध गर्ने ।

१०. उचित स्थानको जग्गामा व्यवस्थित बसपार्क निर्माण गर्न आवश्यक प्रक्रिया अगाडी बढाइ अतिक्रमणमा रहेका सार्वजनिक जग्गालाई संरक्षण समेत गरिनेछ ।

११. यस क्षेत्र भित्र काम गर्न चाहने विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुलाई सकभर काममा दोहोरोपन नआउने गरी जनहीतमा कार्यक्रम संचालनका लागि स्वीकृती दिइनेछ ।

१४. सभा सकिएपछि पनि अनुमति लिन आउने सामाजिक संस्थाहरुलाई गा.पा.प्रमुख बाट औचित्य हेरी अनुमति दिन सक्ने गरी व्यवस्था मिलाइनेछ ।

१५. नदी किनारा, बाढी पहिरोको जोखिममा रहेका वस्तीहरु स्थानान्तरण गर्ने नीति लिइनेछ ।

१६. गाउँपालिकाको कामलाई व्यवस्थित गर्न आवश्यक परामर्श सेवा खरिद गर्ने नीति लिइनेछ ।

१७. छिटो प्रतिफल दिने खालका आयोजना तथा आर्थिक विकासको क्षेत्रमा सहयोग गर्ने खालका आयोजनाको विकासमा वढवा दिइनेछ ।

१८.गाउँपालिका द्धारा निर्माण गरिने खानेपानी तथा सिचाई योजनामा अनिवार्य मर्मत सम्भार कोषको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

१९. प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत संचालन गरिने क्रियाकलापहरु संचालन गर्दा कृषि जन्य उत्पादन तथा दिगो आयमुलक क्षेत्रमा विशेष लगानी गर्ने नीति अवलम्वन गरिनेछ ।

२०.विपद् व्यवस्थापन तथा आपतकालिन उद्धारका लागि एक वडा एक सुविधा सम्पन्न सामुदायिक भवन र एक वडा एक खुल्ला मैदान निर्माण गर्ने नीति अवलम्वन गरिने छ । सोको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम तथा विभिन्न साझेदार निकाय संगको समन्वयको माध्यमबाट यसै आर्थिक बर्षबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

२१. गाउँपालिका लगायत सवै शैक्षिक संस्था तथा स्वास्थ्य संस्थाहरुमा विभिन्न साझेदार निकायको साझेदारीमा विपद् प्रतिकार्य योजना निर्माण गरिनेछ ।

२२. सार्वजनिक यातायातलाई व्यवसथित गर्न यातायातका साधनहरुलाई सार्वजनिक यातायात प्रक्रियामा आवद्ध गराई निश्चित भाडा दर कायम गरि संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२३. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागद्धारा संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई व्यवस्थित गरिनेछ ।
२४. संघीय सरकार, प्रदेश सरकार लगायत विभिन्न निकायबाट हस्तान्तरित आयोजना तथा कार्यक्रम संचालन तथा व्यवस्थापन गरिनेछ ।

**१५. अन्तमा,** प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा सल्लाह, सुझाव र योगदान गर्नुहुने गाउँपालिकाका उपाध्यक्ष, गाउँ कार्यपालिकाका सदस्य तथा गाउँ सभा सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधि, विज्ञ समूह, ठाटीकाँध गाउँपालिकाका कर्मचारीहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण ठाटीकाँधवासीहरु प्रति अन्तरहृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु ।

**धीर बहादुर शाही**
**अध्यक्ष**
**ठाटीकाँध गाउँपालिका**